का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ माघ २०७९,
बिहीबार
19 January 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसले लडेको हार्ने चुनाव

संसदीय व्यवस्थामा सभामुखको निर्णयलाई कानून मानिन्छ । तर, आफूलाई यही व्यवस्थाको हिमायती ठान्ने कांग्रेसले यसपटक सभामुखलाई निर्विरोध हुन नदिन अधिकतम प्रयास गरेको देखिन्छ । राजनीतिमा नाटकीय परिवर्तन नदेखिए आज प्रतिनिधिसभाले घिमिरेलाई सभामुख बनाउनेछ ।



"निर्वाचन लड्दै गर्दा हार्छु भनेर कोही पनि जाँदैन । म पक्कै जित्छु ।"

**इश्वरी न्यौपाने**
उम्मेदवार, सभामुख

**११४ मत**
- कांग्रेस ८८
- जसपा १२
- नेकपा एस १०
- लोसपा ४

१६ अनिर्णित
१ निलम्बित



**१४४ मत**
- एमाले ७८
- माओवादी ३२
- रास्वपा २०
- राप्रपा १४

"मेरो जीत निश्चित छ । त्यसको प्रष्ट आधार दलहरुको समर्थन हो ।"

**देवराज घिमिरे**
उम्मेदवार, सभामुख

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

आज प्रतिनिधिसभाको सभामुखको निर्वाचन हुँदैछ । सभामुख निर्वाचन प्रयोजनका लागि प्रतिनिधिसभाका जेष्ठ सदस्य पशुपतिशम्शेर जबराले ११ बजेका लागि संसद बैठक डाकेका छन् ।

सोही बैठकमा संविधानको धारा ९१ एवम् प्रतिनिधिसभा नियमावली ०७५ बमोजिम सभामुखको निर्वाचनसम्बन्धी प्रस्ताव प्रस्तुत हुँदैछ । बुधवार सभामुखका लागि नेकपा एमालेका सांसद देवराज पोखरेल र नेपाली काँग्रेसकी ईश्वरी न्यौपानेले उम्मेदवारी दर्ता गराएका छन् । पोखरेलले सत्ता गठबन्धनका तर्फबाट उम्मेदवारी दिएका हुन् भने न्यौपाने सत्ता इत्तरका साझा उम्मेदवार बनेकी छन् । सभामुख निर्वाचनलाई विशेष चासोका साथ हेरिएको छ । किनभने पछिल्लो सत्ता समीकरणले नेपाली राजनीतिको सम्भावित परिणाम अनुमान गर्न नसकिने अवस्था छ ।

किनभने अहिलेको राजनीतिक गति छिनछिनमा

– बाँकी पृष्ठ २ मा

## परीक्षामा रवि

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

टेलिभिजन पत्रकारिताबाट राजनीतिमा उदाएका उपप्रधान तथा गृहमन्त्रीको कार्यशैलीलाई लिएर आलोचना हुन थालेको छ । सञ्चारमाध्यममा काम गर्दा नेताहरुको गलत प्रवृत्तिबारे चर्को आवाजमा बोलेका उनी स्वयम्

– बाँकी पृष्ठ २ मा

**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं, फोन नं. ४२५५४६४, हटलाइन १११६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np

के तपाइँ सामाजिक सुरक्षा कोषको नियमित योगदानकर्ता हो ? हैन भने तपाइँको रोजगारदातालाई जवाफदेही बनाउन प्रश्न सोध्नुहोस:
- ✓ म बिमारी हुँदा उपचार तथा अन्य खर्चको ब्यवस्था कसले गर्छ ?
- ✓ मेरो बालबच्चाको जन्ममा अभिभावकत्व निर्वहनमा आर्थिक सहयोग कस्को रहन्छ ?
- ✓ कुनै दुर्घटनामा परेँ भने ?
- ✓ अशक्त वा अपाङ्गतामा पुगेँ भने ?
- ✓ कुनै कारणले मेरो मृत्यु भयो भने ?
- ✓ रोजगारीको अन्त्य भो भने ?
- ✓ मेरो बुढेसकालमा ?

यी र यस्तै अन्य अवस्थामा स्वास्थ्य र सुरक्षा कस्ले दिने, आर्थिक अभाव कस्ले टारि दिने ? जवाफ खोज्नुहोस । हरेक प्रश्नको जवाफ तपाइँको रोजगारदाताले दिन नसके सामाजिक सुरक्षा कोष रोज्नुहोस।

सहभागिता – सह योगदान – र सुविधा
सामाजिक सुरक्षा कोष नै हो विकल्प, छैन दुविधा ।।

## हार्दिक निमन्त्रणा

**आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति : २०७९ माघ ०६ गते सम्पन्न हुन गइरहेको निर्वाचनका लागि नेपाली काँग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशनको तर्फबाट **आधिकारिक उम्मेदवार** **कुमुद खनाल समुहको नेपाली काँग्रेसका सह-महामन्त्री महेन्द्र यादवज्यूको** **प्रमुख आतिथ्यतामा** निर्वाचन केन्द्रित वृहत छलफल तथा चुनावी सभाको आयोजना गरिएको सहर्ष जानकारी गराउँदै उक्त सभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
प्रमुख अतिथि : महेन्द्र यादव, नेपाली काँग्रेसका सह-महामन्त्री
विशिष्ठ अतिथि : रमेश लेखक, पूर्वमन्त्री , केन्द्रीय सदस्य तथा प्रमुख सचेतक नेपाली काँग्रेस, संघीय संसद ।

स्थान : स्काई व्याङ्क्वेट, सामाखुसी, काठमाडौं ।
मिति : २०७९। १० ।०५ गते, बिहीबार
समय : दिउँसो ३ :३० बजे

| सर्म्पक व्यक्तिहरु | | | | | |
|---|---|---|---|---|---|
| १. | किशोरकुमार के.सि. | ९८५१०७८८७२ | ५. | संजय पनेरु | ९८५११४५६६८ |
| २. | कर्णराज कटुवाल | ९८५१०९५०९३ | ६. | बिक्रम श्रेष्ठ | ९८५११२५९३३ |
| ३. | राजकाजी भोलान (राज) | ९८०१०४७३४० | ७. | नारायण भुसाल | ९८५१०४८२३५ |
| ४. | भेष के.सी. | ९८५११४५१८८ | ८. | कर्णराज कटवाल | ९८५१०९५०९३ |

**तारानाथ अर्याल**
संयोजक
**चुनाव प्रचार प्रसार समिति**
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेल: ndfeefforum@gmail.com

**वैदेशिक रोजगार विशेष**

## संघ निर्वाचनको प्रचार अन्तिम चरणमा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

माघ ६ गते शुक्रबार हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि संघको नेतृत्व लिन तुनावी मैदानमा उत्रिएका चार वटै प्यानलको प्रचार प्रसार अन्तिम चरणमा पुगेको छ । बुधबार प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी प्यानलले सामाखुशीमा व्यावसायिक भेला सम्पन्न गरेको छ भने भुवनसिंह गुरुङ प्यानलले सिनामंगलमा व्यवसायी भेला सम्पन्न गरेको छ ।

यस्तै डा. ईश्वर जिसीले नेतृत्व गरेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र

– बाँकी पृष्ठ २ मा

## उद्घाटन प्रधानमन्त्रीबाट मतपत्रबाटै मतदान



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारण सभाको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने सुनिश्चित भएको छ । संघ तदर्थ समिति संयोजक विमल ढकाल, सह-संयोजक प्रेमबहादुर कटुवाल तथा सदस्य सचिव प्रज्ञान न्यौपानेले गत सोमबार प्रधानमन्त्री दाहाललाई भेटेर संघको साधारण सभा उद्घाटन गरी व्यवसायीहरूको हौसला बढाइदिन आग्रहसहित निमन्त्रणा पत्र दिएका थिए ।

– बाँकी पृष्ठ २ मा

## हार्दिक निमन्त्रणा

**आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरु,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गइरहेको निर्वाचनका लागि **संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी, भुवनसिंह गुरुङ समुहको** तर्फबाट व्यवसायीहरुसँग चुनाव केन्द्रित छलफल र भेटघाटको आयोजना गरिएकोले निम्न मिति, स्थान र समयमा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदै उक्त सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

स्थान : दियालो फूडल्याण्ड, बसुन्धारा, काठमाडौं ।
मिति : २०७९/१०/०५ गते, बिहीबार
समय : दिउँसो ४ :०० बजे

**दानबहादुर बुढाथोकी**
संयोजक
**चुनाव प्रचार प्रसार समिति**
**संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समुह**

## मतदानका लागि हार्दिक अपील

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको माघ ६ गते हुने निर्वाचनमा यस म्यानपावर कम्पनीका सञ्चालक **कुमुद खनाल प्यानलका सदस्यका उम्मेदवार** बरिष्ठ व्यवसायी **विक्रम श्रेष्ठज्यू**लाई मतदान गरि **सदस्य पदमा अत्यधिक मतले विजयी** गराऔं ।



प्राथी
**शुभ हारती म्यानपावर प्रा.लि.**
बालाजु, काठमाडौं, सम्पर्क नं.: ,०१-४९८७६२४, ९८५११२५९३३

## हार्दिक निमन्त्रणा !

**आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरु,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ६ गते सम्पन्न हुन गइरहेको साधारण सभासहितको निर्वाचनमा,**"देश विकासको आधार सम्मानित वैदेशिक रोजगार"** भन्ने मूल नाराका साथ वैदेशिक रोजगार क्षेत्रलाई उच्च मूल्यांकन गर्दै सेवामुलक उद्योग बनाउने परिकल्पना लिएर चुनावी मैदानमा आएको **"डा. ईश्वर जि.सी. व्यावसायिक प्यानल"** को चुनावी सभामा यहाहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
स्थान : लर्ड पार्टी भेन्यू एण्ड ग्रील हाउस, धुम्वाराही (पुरानो स्काई जोन पार्टी प्यालेस)
मिति : २०७९ माघ ५ गते (आज)
समय : दिउँसो ४ :३० बजे

**राम प्रसाद भन्तना**
संयोजक
**निर्वाचन परिचालन मूल व्यवस्थापन समिति**
डा. ईश्वर जि.सी. व्यावसायिक प्यानल

## हार्दिक निमन्त्रणा ! हार्दिक निमन्त्रणा !! हार्दिक निमन्त्रणा !!!

**आदरणीय सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी ज्यूहरु,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ६ गते सम्पन्न हुन गइरहेको २९ औं साधारण सभा तथा निर्वाचनमा **राजेन्द्र भण्डारी** **अध्यक्ष उम्मेदवार** रहेको व्यावसायिक समूहको **'व्यवसायी भेला तथा अन्तिम चुनावी सभा' माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल ज्यूको प्रमुख आतिथ्यतामा** तपशिल बमोजिमको स्थान, मिति र समयमा हुने कार्यक्रममा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

स्थान : अनुपम फुडल्याण्ड, बत्तिसपुतली
मिति : २०७९ माघ ५ गते बिहीबार (आज)
समय : दिउँसो ४ :०० बजे

**सरोज कुमार पोखरेल**
संयोजक
**निर्वाचन परिचालन मूल व्यवस्थापन कमिटी**
(राजेन्द्र भण्डारी समूह)

मध्यान्ह
www.madhyanhadaily.com
५ माघ २०७९, बिहीबार
19 January 2023, Thursday

नयाँ सभामुखको चुनौती

# मातृ पार्टीको माया र सरकारको छायाँ !

पछिल्लो समय संसदले पाएको संज्ञा हो- सरकारको छायाँ भयो । सभामुख नै मातृ पार्टीको निर्देशनमा चलेको भनी उठेको प्रश्नलाई चिर्न सक्नु नयाँ सभामुखको प्रमुख चुनौती हो ।




*सभामुखमा उम्मेदवारी मनोनयन प्रस्तावको सूचना संसद सचिवालयका महासचिव भरतराज गौतमलाई दिँदै एमाले र कांग्रेसका सांसदहरु । तस्बिर : रासस*

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

'सभामुख भएपछि म विगतको अनुभवको आधारमा अगाडि बढ्छु' सत्ता साझेदार दलहरुको तर्फबाट सभामुखमा उम्मेदवार दिएपछि पत्रकारहरु सित भने । उनले विगतमा संसद सरकारको छायाँ भएको भनी शब्द उच्चारण गर्न इन्कार गरे । तर, विगतमा उठेका टिप्पणीलाई दोहोरिन नदिने प्रतिवद्धता व्यक्त गरे ।

उस्तै प्रतिवद्धता एमाले र एकीकृत समाजवादीको तर्फबाट सभामुखमा उम्मेदवार भएकी इश्वरी न्यौपानेको छ। उनले भनिन्, 'संसदलाई संसद जस्तो बनाउने मेरो प्रयास हुनेछ ।' अर्थात, सभामुखका दुबै उम्मेदवारले आफूहरूको मुख्य चुनौती कार्यकारीको प्रभावलाई ख्याल गरेका छन् ।

२०७६ वैशाखमा नयाँ वानेश्वर स्थित लोत्सेहलमा भएको संसदीय दलको बैठकमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई संसदीय समितिले असहयोग गरेको टिप्पणी गरेका थिए । संसदीय समितिको दायित्व सरकारलाई सहयोग गर्नु रहेको उनको टिप्पणी थियो । संसदीय समिति सरकारको चाहना अनुसार चल्नुपर्ने मनसाय व्यक्त गरेको भनी त्यसबेला ओलीको आलोचना भएको थियो । आलोचना हुनुको पृष्ठभूमि थियो - प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले लोकसेवा आयोगले खोलेको विज्ञापन रोक्न भनेको थियो । तर, विज्ञापन रोक्न चाहँदैनथ्यो ।

विगतमा स्वयम संसद र संसदीय समिति मातृ पार्टीको माया र सरकारको छायाँमा परेका अन्य धेरै उदाहरण छन् । कांग्रेस सरकारमा गएको १६ महिनासम्म प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठक ६ पटक पनि बसेन । जबकी, सरकारको मुख्य निगरानी गर्ने समितिका रुपमा लेखा समितिलाई लिइन्छ । लेखा समितिको बैठक नबस्नुको कारण लेखा समितिको सभापतिमा कांग्रेस भरत शाह थिए । आफ्नो मातृ पार्टी र मातृ पार्टीको सरकारलाई असहयोग हुने डरले उनले बैठक नै नरहेको स्वयम समितिका सदस्यहरुले टिप्पणी गरेका थिए ।

सभामुख नै मातृ पार्टीको निर्देशनमा चलेको आरोप र दृष्टान्त पनि छन्। नेकपा एमालेले आफ्ना १४ जना सांसदलाई कारबाही गरेको पत्र तत्कालीन सभामुख अग्नि सापकोटाले तुरुन्तै टाँस नगर्दा आफ्नो पार्टी फुटेको भनी एमालेले विगतमा ९ महिनासम्म संसद अवरोध गरेको थियो। कसैको सन्दर्भमा सांसदहरूमाथि भएको कारबाही तुरुन्तै सदर गर्ने र कसैको सन्दर्भमा नयाँ पार्टी खोल्ने अवसर दिने समय दिने गरी सापकोटाले भूमिका खेलेका थिए। स्वम सभामुख सापकोटाले आफूले प्राप्त अधिकारको प्रयोग गरेको तर्क गर्दै एमाले सांसदहरुमाथिको कारबाहीमा ढिलो गरेको स्वीकार गरेका थिए ।

# जीवित शिशुलाई मृत घोषणा गरेपछि...



**विराटनगर/मस-** उपचारमा लापरबाही गरेको भन्दै चिकित्सकलाई कुटपिट गर्ने तीन जना पक्राउ परका छन् । पक्राउ पर्नेमा मनोज मुखिया, मन्नु मुखिया र अर्का एक जना रहेका प्रहरीले जनाएको छ ।

परिवारले नवजात शिशुलाई मृत घोषणा गरेको आरोप लगाउँदै कोशी अस्पतालको आकस्मिक कक्षका डा. आकाश यादवलाई कुटपिट गरेका हुन् । आफन्तको कुटपिटबाट डाक्टर यादवको टाउकोमा चोटपटक लागेको प्रहरीले जनाएको छ । यसैबीच नवजात शिशुलाई अस्पताल ल्याउँदा मुटुको धड्न नभएको र सास पनि नचलेको उपचारमा संलग्न चिकित्सकहरूको भनाइ छ। उपचारमा लापरबाही भएको पाइए कारबाही गर्ने उनीहरुको भनाइ छ।

जीवित शिशुलाई मृत घोषणा गरेको आरोपमा कोशी अस्पताल केही बेर तनावग्रस्त बन्यो। बिरामी भएर उपचारका लागि शिशुलाई अस्पतालको आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा. आकाश यादवले मृत घोषणा गरेका आफन्तको आरोप छ । श्वासप्रश्वासको समस्या देखिए पछि उपचारका लागि अस्पताल लगिएको १८ दिनको नवजात शिशुलाई उपचार नगरी मृत घोषणा गरेको परिवारको आरोप छ ।

# खनालको संयोजकत्वमा 'वैचारिक नीति निर्माण समिति' गठन

**काठमाडौं/मस-** नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालको संयोजकत्वमा पार्टीको वैचारिक नीति निर्माण समिति गठन गरिएको छ । यो समितिले पार्टी निर्माणको मूल दिशाको बारेमा दस्तावेज मस्यौदा तयार गर्ने उक्त समितिको सदस्यमा महासचिव बेदुराम भुसाल, उपमहासचिवहरू जगन्नाथ खतिवडा, गङ्गालाल तुलाधर, प्रकाश ज्वाला र विजय पौडेल छन् ।

यसैगरी समितिमा राजेन्द्र राई, रामकुमारी झाक्री, सावित्रा भुसाल र गणेश विक सदस्य छन्। समितिले निर्माण गर्ने पार्टीको सिद्धान्त, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक मूल नीति, कार्यक्रम निर्माण गरेपछि त्यसलाई पार्टीको केन्द्रीय बैठकले पारित गरी कार्यान्वयन गर्नेछ ।

पार्टीको दस्तावेज मस्यौदा समितिले पार्टी केन्द्रीय कार्यालयमा बुधबार आयोजना गरेको कार्यक्रममा पार्टी जनसङ्गठनका अध्यक्ष र महासचिवहरू, विभिन्न विभागका प्रमुख, उपप्रमुख र सचिव, विभिन्न फाटका इन्चार्जको संयुक्त छलफलबाट नेता खनालको संयोजकत्वमा समिति गठन गरिएको हो ।

अध्यक्ष खनालले कम्युनिष्ट आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाउन आफ्नो पार्टीले प्रष्ट वैचारिक नीति अवलम्बन गर्ने बताउँदै तत्काल नेकपा (एमाले) सँग एकता असम्भव रहेको बताए। पाँच जना सदस्यबाट निर्माण भएको कम्युनिष्ट पार्टी लामो मेहनत र सङ्घर्षले अहिले यहाँसम्म आइपुगेको बताउँदै उनले भने, 'विद्रोहको औचित्य पुष्टि नभइकन उनीहरूसँग अहिले एकताको मोर्चा बनाउने अवस्था छैन ।' पूर्वप्रधानमन्त्री चुनावमा प्रत्यक्षतर्फ चौथो भएको पार्टी केही प्राविधिक कारणले राष्ट्रिय मान्यता पाउन नसकेको भए पनि कार्यकर्ता आत्तिनुपर्ने तथा निराश हुनुपर्ने अवस्था नरहेको प्रष्ट पारे ।

## हार्ने...

परिवर्तन भइरहेका छन् । यस्तो अवस्थाका बीचमा प्रतिनिधिसभाका सभामुखको चुनाव हुन लागेको हो। बिहीबार तय भएको चुनावको लागि सत्ता साझेदार दल र सत्ता इत्तरको बेग्ला बेग्लै गठबन्धन बनेको छ। सत्ता इत्तर गठबन्धनको नेतृत्व सबैभन्दा ठूलो दल कांग्रेसले गरेको छ ।

सत्ता साझेदार दलको साझा उम्मेदवारमा नेकपा एमालेका स्थायी समिति सदस्य एवम् सांसद घिमिरे छन् ।

यस्तै कांग्रेस, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टीको साझा उम्मेदवारका रुपमा कांग्रेसकी मनोनीत सांसद इश्वरी न्यौपाने छिन् ।

संसदको अहिलेसम्मको अंक गणित हेर्दा सत्ता साझेदार दलका साझा उम्मेदवार एमालेका घिमिरे अगाडि छन्। उनको पक्षमा एमाले ७८, नेकपा माओवादी केन्द्र ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २०, राप्रपा १४ गरी १४४ छन् ।

उनको प्रतिस्पर्धी सत्ता इत्तर गठबन्धनकी साझा उम्मेदवार बनेकी न्यौपानेको पक्षमा कांग्रेस ८९ (मत दिन पाउने ८८), जसपा १२, एकीकृत समाजवादी पार्टी १०, लोसपा ४ गरी कुल ११४ मत निश्चित छ ।

सत्ता साझेदार दलमै रहेको जनमत पार्टीसहित नागरिक उन्मुक्ति पार्टी र २ स्वतन्त्र सांसदको मत अझै अनिर्णित छ । मन्त्रालय भागबण्डामा रोजाइको मन्त्रालय नपाएपछि जनमत पार्टीले चित्त बुझाएको छैन । त्यसैले उसले मन्त्रालयको जिम्मेवारी सम्हालिसकेको छैन । उसले मागेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नदिए सरकारमा सहभागी नहुने चेतावनी दिइरहेको छ ।

यस्तै जेलमा रहेका रेशम चौधरीको रिहा नभएसम्म सरकारमा सहभागी नहुने अडान लिएको नागरिक उन्मुक्ति पार्टीले पनि ठोस निर्णय गरिसकेको छैन । यी दुई दलको १० सांसद छन् ।

यस्तै स्वतन्त्र २ सांसदले पनि कांग्रेसकै उम्मेदवार न्यौपानेलाई मत दिए १२५ मत पुग्छ । सभामुखको चुनाव जित्न १३८ मत पाउनुपर्छ। तर, जनमत, नागरिक उन्मुक्ति र स्वतन्त्र सांसदले पनि घिमिरेलाई मत दिए झन् बढी पाउनेछन् ।

त्यसैले सत्ता गठबन्धनमा एमाले, माओवादी, रास्वपा र राप्रपा एक भए सभामुखमा घिमिरेको जित सुनिश्चित देखिन्छ। बुधवार (४ माघ) मा सभामुख उम्मेदवारी दर्ता गराएपछि उनी निकै उत्साहित थिए ।

'म जिम्मेवारीमा पुग्ने निश्चित छ। हिजोका शिक्षाबाट अघि बढ्छु। तटस्थ रहेर चलाउँछु,' उनले पत्रकार हरुसँग भने, 'प्रतिनिधिसभाबाट विजय भएपछि सभामुखले खेल्ने भूमिका के हुन्छ, त्यो भूमिकामा कम रहन दिन्नँ ।'ढुक्कले चुनाव जित्ने उनको दाबी छ । भन्छन्, 'मेरो जीत निश्चित छ । त्यसको प्रष्ट आधार दलहरुको समर्थन हो।'

तर बद्लिदो राजनीतिक परिस्थितिमा सत्ता गठबन्धन ढुक्क हुने अवस्था भने पक्कै छैन। कांग्रेसको गठबन्धनलाई जितका लागि जम्मा १३ मत आवश्यक छ। त्यसैले सत्ता गठबन्धनको कुनै एक दलले फ्लोर क्रस गरेको अवस्थामा परिस्थिति फरक हुन्छ ।

यही परिस्थितिलाई आँकलन गरेर कांग्रेसकी न्यौपानेले पनि जित्ने दाबी गरेकी छिन्। उनले सांसद नै आफ्नो जितको आधार रहेको अमूर्त प्रतिक्रिया दिएकी छन् ।

'निर्वाचन लड्दै गर्दा हार्छु भनेर कोही पनि जाँदैन । म यो निर्वाचनमा पक्कै जित्छु,' न्यौपानेले पत्रकारसँग भनिन, 'मेरो जित्ने आधार सांसदको मत हो । सभामुखमा निर्वाचन भइसकेपछि म सबैको सभामुख हो । मैले सभामुख भएर सभा सञ्चालन गर्दा तटस्थरुपमा रहेर सांसद र संसद्प्रति न्याय गरेर सकेसम्म राम्रोसँग संसद् चलाउँछु ।'

सभामुख निर्वाचनमा सत्ता पक्षमा रहेकै दल पनि विभाजित भएका छन् । सरकारलाई समर्थन गरेको र सरकारमा सहभागी समेत हुने तयारीमा रहेको जसपाले सभामुख चुनावमा कांग्रेसकी उम्मेदवार न्यौपानेलाई सघाउने निर्णय गरेको छ । कांग्रेसको गठबन्धनमा एकीकृत समाजवादी पहिलेबाटै छ ।

## परीक्षामा...

मन्त्रिपरिषद्मा सहभागी हुँदा विवादित व्यक्तिलाई मन्त्रीमण्डलमा सहभागी गराएको भन्दै आलोचना भएको हो। उनले ठगी गरेर अकुत आर्जन गरेको आरोप लागेका सृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसेज प्रालिका मार्केटिङ डिरेक्टर डोलप्रसाद अर्याललाई श्रममन्त्रीको जिम्मा दिएका छन् ।

शिक्षामन्त्री बनेका अर्का शिशिर खनालले पनि स्वार्थ बाझिने मन्त्रालयको जिम्मेवारी पाएका छन्। उनी शिक्षा क्षेत्रमा काम गर्ने 'टिच फर नेपाल' नामक संस्थाको संस्थापक खनाल सन् २०१९ -२०२० सम्म त्यसको अध्यक्ष भएर काम गरेका थिए ।

त्यतिमात्रै होइन, रवि स्वयंम् नै दोहोरो नागरिकताको आरोपमा आरोपित भएपछि गृहमन्त्रालय रोजेर छानबिनमा प्रभाव पारिरहेका छन् । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वार्थ जोडिने विषयसँग सम्बन्धित जिम्मेवारी लिन नहुने मान्यताविपरीत आफू सहितका व्यक्तिलाई मन्त्री बनाएपछि सामाजिक सञ्जालमा समेत अनेक टिकाटिप्पणी भएको हो । उनी सहितका व्यक्तिहरु आफू मन्त्रालय बाहिर हुँदा सरकार नीतिनियम विपरित चलेको आरोप लगाउँदै आएका थिए ।

त्यससँगै आकर्षण र भरोसाको केन्द्र मानिएका रविलाई सुरक्षा व्यवस्था कडा बनाउने मात्रै नभई प्रहरी समायोजन, प्रहरीलाई राजनीतिक हस्तपेक्षमुक्त बनाउने आदि जनपक्षीय काम गर्ने आदि धेरै चुनौती रहेका छन्। अहिले प्रहरी समायोजन हुँदा अधिकार बाँडफाँट हुने र केन्द्र सरकार, राजनीतिक नेतृत्वदेखि ब्युरोक्रेसीसम्मको भूमिका कमजोर हुने हुँदा प्रहरी समायोजनको प्रक्रिया अघि बढ्न सकेको छैन । विभिन्न ड्राफ्ट र समितिहरु बन्दा समेत समायोजनको काम अघि बढ्न नसकेकाले उक्त कार्य पूरा गर्नु पनि मन्त्री लामिछानेको चुनौती बनेको छ। टेलिभिजनमा कार्यक्रम सञ्चालन गर्दा निर्मला पन्तको बलात्कारी र हत्यामा संलग्न दोषी पक्राउ नगरेको भन्दै आलोचना गर्दै आईरहेका थिए । तर, आफैँ गृहमन्त्री बनेपछि उक्त विषयको छानबिन गर्नु र दोषीमाथि कारवाही गर्नु पनि उनको लागि ठूलो चुनौती हो। भ्रष्टाचार, सुशासन, विषय विज्ञ मन्त्रीको सवाल उठाउँदै आएका रवि स्वयंले आफू मन्त्री बनेदेखि नै उक्त विषयलाई लत्याउन सुरु गरिसकेका छन् । तरपनि कतिपय भने उनको कार्यशैलीबारे आलोचना गर्ने समय नभएको बताउँदै आएका छन्। यद्यपि, उनको कार्यशैली पनि अन्य दलको भन्दा फरक नहुँदा जनताको अग्नि परीक्षा पास गर्नु उनको लागि ठूलो चुनौती हुने देखिन्छ ।

## संघ...

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानल र लोकतान्त्रिक एशोसिएसनका आधिकारिक उम्मेदवार कुमुद खनाल प्यानलका उम्मेदवारहरुले घरदैलो कार्यक्रम गरेर प्यानलका पक्षमा मत मागेका छन् ।

सामखुशीमा आयोजित प्रगतिशील मञ्च नेपालको कार्यक्रमलाई नेकपा एमाले स्थायी समिति सदस्य भानुभक्त ढकाल, केन्द्रीय सदस्य महेश बस्नेत र राष्ट्रिय प्रजातान्त्र पार्टीका प्रवक्ता गोपाल दाहालले सम्बोधन गरे ।

एमाले स्थायी समिति सदस्य ढकालले मञ्च प्यानलका उम्मेदवार हरुले संघमा जितेको अवस्थामा आफूले संघ नेतृत्व र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग समन्वय गरी सेवा शुल्क परिमार्जन तथा संख्या सय समस्याको समाधान तीन महिनाभित्र गर्ने आश्वासन दिए । आफू पार्टीका २३ वटा जनवर्गीय संगठनको इन्चार्ज भएका कारण समस्याहरुको समाधानका लागि पार्टीको नेतृत्वसँग समन्वयको माध्यम बन्ने बताए । उनले भने, 'हामीमार्फत समस्याको समाधान चाहनुहुन्छ भने अध्यक्षका उम्मेदवार भण्डारी प्यानललाई संघमा जिताउनुहोला, अन्यलाई जिताउनु भयो भने हामीलाई भन्ने ठाउकक रहँदैन ।'

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्ट गलत सूचनाको घेरामा परेका कारणले गलत निर्णय भएको हुन सक्ने भन्दै कतिपय विषय तत्कालीन प्रधानमन्त्री ओलीले पर्खन र केही समयपछि सार्न आग्रह गरे पनि विभागीय मन्त्रीका रुपमा जिम्मा लिने प्रतिवद्धता जनाएपछि निर्णय आएको ढकालले खुलासा गरे ।

प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका नेता ढकालले मतदाताको व्यवस्थापन गर्न नसक्दा निर्वाचनमा पराजित हुने खतरा रहने भन्दै मञ्चले सरकारमा रहेका दल निकटका व्यवसायी भए पनि अन्य प्यानलमा रहेका मतदातालाई राजेन्द्र भण्डारीका पक्षमा मतदान गराउन मञ्चको विशेष पहल हुनुपर्ने बताए । उनले क्यामराको आडमा गुण्डागर्दी गर्नेहरुलाई कानूनीरुपमै समाप्त पारिने दाबी गरे ।

राप्रपा प्रवक्ता दाहालले वैदेशिक रोजगार व्यवसाय नेपालमा पचासौं वर्षदेखि स्थापित रहेकाले यसलाई उद्योगको रुपमा स्थापित गर्नुपर्ने सुझाव राखे । उनले आफ्नो दल निकट रहेका व्यवसायीले भण्डारी प्यानललाई उत्साहको साथ मतदान गर्ने प्रतिवद्धता जनाए ।

एमालेका केन्द्रीय सदस्य बस्नेतले विगतमा पार्टी सरकारमा रहँदा मन्त्रीहरुबाट भएका कमीकमजोरी सच्याएर अघि बढ्न एमाले तयार रहेको भन्दै विगतका निर्णयप्रति कुनै गुनासो नगरी मञ्चका उम्मेदवार भण्डारी प्यानललाई मतदान गरी विजयी बनाउन आग्रह गरे ।

मञ्चको मूल निर्वाचन परिचालन समितिका संयोजक सरोज पोखरेलले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको समाधानका लागि विगतको कार्यसमिति असफल भएको र त्यसको नैतिक जिम्मेवारी नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले लिनुपर्ने भन्दै भण्डारी प्यानल विजयी भएमा समस्याहरको नीतिगत वा व्यवहारिक समाधान गराएर छोड्ने बताए ।

मञ्च तथा संघका पूर्वअध्यक्ष रोहन गुरुङले विगतमा आफू संघ अध्यक्ष र एमालेको सरकार हुँदा कतिपय गलत निर्णय भएकाले त्यसको जिम्मेवारी लिँदै वर्तमान सरकारकै पालामा सुधार गरेर देखाउने बताए । उनले भने, 'विगतमा एमाले सरकारको पालामा भएका गल्ती सुधारको जिम्मेवार पनि एमाले हुनुपर्छ र एमालेले सुधार पनि गर्नेछ ।'

सेवा शुल्क परिमार्जन नगरी बजार प्रवर्द्धन गर्न नसकिने भन्दै पूर्वअध्यक्ष गुरुङले व्यवसायीले वैदेशिक रोजगारमा कामदार पठाउँदा सबै खर्च रोजगारदाताले व्यहोर्नुपर्ने, तर सरकारले पठाउँदा भने कामदारले खर्च व्यहोर्नुपर्ने किन ? भन्ने प्रश्न उठाए। उनले मञ्चका उम्मेदवार भण्डारी प्यानलले जितेको खण्डमा व्यवसायी भलाइ कोष निर्देशिका महिना दिनभित्र जारी गराइ छाड्ने बताए ।

अध्यक्षका उम्मेदवार राजेन्द्र भण्डारीले वैदेशिक रोजगार ऐन, नियम र नियमावली परिवर्तन गर्न पार्टीसँग समन्वय गरेर व्यवसायीको सुरक्षा गर्ने भन्दै व्यवसायीको गर्दनमा झुण्डिएको तरवार सरह भएको संख्या सय समस्याको समाधान आफ्नो पहिलो प्राथमिकता रहेको बताए । ऐनमा वार्षिक एक सय जना कामदार पठाउनुपर्ने अनिवार्य गर्न नहुने विषयमा दलका नेताहरुलाई बुझाएर परिवर्तन गर्ने बताउँदै भण्डारीले संख्या सय जत्तिकै महत्वपूर्ण विषय सेवा शुल्कको विषयलाई आवश्यकता अनुसार भारत, पाकिस्तान र बंगलादेशका व्यवसायीले लिए अनुसार एक महिनाको तलब लिन पाउने व्यवस्था गर्ने प्रतिवद्धता जनाए । सेवा शुल्क परिमार्जन भएपछि सरकारले कर पाउने र कामदारलाई लागतको सुरक्षा हुने भन्दै भण्डारीले विभिन्न कारण उत्पन्न हुने समस्याको समाधानका लागि काम गर्ने उल्लेख गरे ।

कार्यक्रमका सभापति मञ्चका पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले व्यवसायीहरु विभिन्न प्रकारका समस्यामा रहेको, कामदारको भिसा प्रक्रियामा जाँदा साउदी दूतावासले व्यवसायीलाई बाटोमा उभ्याउने, मोबाइल साथमा लैजान नदिने र बस्न नदिने अवस्था रहेकाले त्यसलाई परिवर्तन गर्न पनि संघको नेतृत्वमा मञ्चका उम्मेदवारहरुले जित्नु पर्ने बताए। उनले विगतका कुण्डले मण्डले अहिले अभियन्ताका नाममा लागेकाले संघमा मञ्चको प्यानल विजयी गराएमा संघमार्फत उनीहरुलाई सहजरुपमा प्रतिवाद गर्ने बताए ।

व्यवसायी हरिश कुँवरले सञ्चालन गरेको कार्यक्रममा मञ्चका सल्लाहकार डिबी कार्की, वैदेशिक रोजगार व्यवसायी तमुधी समाजका अध्यक्ष तीर्थ गुरुङ, मञ्चका पूर्वअध्यक्ष टंक राउत, व्यवसायीहरु भीष्मराज शर्मा शिवाकोटी, पदमराज पौडेल, अमृत विश्वकर्मा, भीष्म अधिकारी, नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम, महासंघका पूर्वअध्यक्ष पूर्णबहादुर मल्ललगायतको उपस्थिति रहेको थियो ।

## उद्घाटन...

जवाफमा प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार व्यवसायीले रेमिट्यान्स भित्र्याउन खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै व्यवसायीहरूका कुरा सुन्न इच्छुक भएकाले सकेसम्म साधारण सभा उद्घाटन गर्ने बताएका थिए । बुधबार प्रधानमन्त्री कार्यालयबाट प्रधानमन्त्री दाहाल संघ साधारण सभाको प्रमुख अतिथि भई उद्घाटन गर्ने जानकारी पाएको संघ सहसंयोजक प्रेम कटुवालले जानकारी दिए ।

संघको साधारण सभा प्रधानमन्त्रीबाट दोश्रो पटक उद्घाटन हुन लागेको हो। यसअघि वर्तमान संयोजक ढकाल अध्यक्ष रहँदा पनि नेपाली कांग्रेसका सभापति तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संघको साधारण सभा उद्घाटन गरेका थिए ।

साधारण सभामा नवनियुक्ति श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलराज अर्याल विशिष्ट अतिथि तथा मन्त्रालयका सचिवलगायतका अतिथि रहने भएका छन् ।

यसैबीच संघको निर्वाचन मतपत्रका आधारमा हुने भएको छ। हाल प्रतिस्पर्धामा रहेका केही प्यानलले प्रविधिमा छेडछाड हुने आशंका गरी विद्युतीय मेसिनबाट मतदान गराउन असहमति जनाएपछि निर्वाचन समितिले मतपत्र छाप्न लगाइसकेको छ । मतपत्रका आधारमा मतदान भए परिणाम सार्वजनिक हुने समय केही लम्बिने आंकलन गरिएको छ।



oncost اونكوست

# कुवेतमा वैदेशिक रोजगार

कम्पनी : ONCOST CASH & CARRY CENTRAL MARKET

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२०९ LT. No.: 279687 शहर:Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carrier | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Coordinator | 20 | 0 | | 150 | ६४,१०९ | | | | | | | |
| 3. | Light Driver | 40 | 0 | | 140 | ५९,८३५ | | | | | | | |
| 4. | Packer | 30 | 0 | | 120 | ५१,२८७ | | | | | | | |
| 5. | Reporter | 30 | 0 | | 120 | ५१,२८७ | | | | | | | |
| 6. | Worker (Indoor) | 50 | 0 | | 110 | ४७,०१३ | | | | | | | |

अन्तर्वार्ता Sinamangal Airport Hotel, काठमाडौंमा २०७९ माघ १२ गते (26 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

यसै कम्पनीमा Fish Monger, Stocker And Cashier को पनि आवश्यकता भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)

Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com
Mobile: 9851235143 | 9851322884 | 9841136727 | 9818441474 | 9851330429 | 9803636760 | 9810409591 | 9869120271 | 9844064089

विमान दुर्घटना

# विज्ञ टोलीद्वारा अध्ययन शुरु



**काठमाडौं/मस-** फ्रान्सदेखि आएको एटीआर विमान निर्माता कम्पनीको विज्ञ टोलीले पोखरा विमान दुर्घटनाबारे अध्ययन शुरु गरेको छ। विज्ञ टोलीले गत आइतबार पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाबारे स्थलगत अध्ययन थालेको हो। बुधबार विमान खसेको ठाउँ सेतीखोंचमा पुगी टोलीले घटनास्थलको अवलोकन गर्नुका साथै दुर्घटनाबारे जानकारी लिएको छ। टोलीलाई नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का कर्मचारी, सुरक्षाकर्मी, स्थानीयवासीलगायतले सहजीकरण गरिरहेका छन्। 'ड्रोन'समेत उडाएर टोलीले घटनास्थलको अवलोकन गरेको थियो। दुर्घटनाको अध्ययनका लागि नौ सदस्यीय टोली मङ्गलबार नै पोखरा आइपुगेको थियो। नेपालमा पहिलोपटक भएको एटीआर विमान दुर्घटनाबारे निर्माता कम्पनीले पनि चासोपूर्वक लिएको जनाइएको छ। कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले विदेशी विज्ञ टोलीले अध्ययन गरिरहेकोबारे सम्बन्धित निकायबाट जानकारी पाएको भए पनि आफूलाई यो विषयमा धेरै थाहा नभएको बताए।

'दुर्घटनापछि खोज, उद्धार, शव व्यवस्थापनलगायतमा सुरक्षा निकाय खटिन्छ, जाँच तथा छानविनको विषय हामीसँग सम्बन्धित हुँदैन', उनले भने। विमान दुर्घटनापछि सरकार गठन गरेको जाँच आयोगलेसमेत दुर्घटनाबारे छानविन शुरु गरेको छ। अध्ययन सकेर केही सदस्य काठमाडौं फर्किसकेको केही अझै पोखरामा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले जानकारी दिए। पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा जाँच आयोग गठन भएको थियो।

आयोग सदस्यमा हवाई विज्ञ नेपाली सेनाका अवकाश प्राप्त उपरथी दीपकप्रसाद बाँस्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा र हवाई मर्मत विज्ञ एकराजजङ्ग थापा रहेका छन्। आयोगको सदस्य सचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन्।

यसअघि सोमबार विमानको 'ब्ल्याक बक्स' फेला परेको थियो। 'ब्ल्याक बक्स'ले दुर्घटनाको कारण पत्ता लगाउन महत्वपूर्ण सहयोग पुग्ने नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। ६८ यात्रु र चार जना चालकदलका सदस्य लिएर गत आइतबार काठमाडौंबाट पोखराका लागि उडेको विमान सेतीखोंचमा खसेको थियो। दुर्घटनामा परेका ७१ जनाको शव फेला परिसकेको छ भने बेपत्ता एक जनाको खोजी कार्य जारी रहेको कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अजय केसीले जानकारी दिए।

### थप एक शव काठमाडौं ल्याइयो

विमान दुर्घटनामा परेर मृत्यु भएकामध्ये थप एक जनाको शव बुधबार काठमाडौं ल्याइएको छ। मङ्गलबार नेपाली सेनाको दुई हेलिकप्टरबाट ४८ शव काठमाडौं ल्याइएको थियो। मङ्गलबार फेला परेको एक शव भने बुधबार दिउँसो काठमाडौं ल्याइएको हो। काठमाडौं ल्याइएका शवको बुधबार बिहानदेखि नै त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा परीक्षण भइरहेको छ। मङ्गलबार काठमाडौं ल्याइएका शवमध्ये अहिलेसम्म १२ शवको परीक्षण भइसकेको यती एयरलाइन्सले जनाएको छ। दुर्घटनामा मृत्यु भएकामध्ये २२ शवको परीक्षण गरेर पोखरामा नै हस्तान्तरण गरिए पनि बाँकी ४९ शव भने काठमाडौं ल्याइएको थियो।

काठमाडौं ल्याइएकामध्ये पहिचान खुलेका २१ शवको परीक्षण गरेर बिहीबार मृतकका परिवारलाई हस्तान्तरण गरिने एयरलाइन्सले जनाएको छ। पहिचान नखुलेका शवको भने डिएनए टेस्ट गरेर मात्र शव परीक्षण गरी मृतकका परिवारलाई बुझाइनेछ। चालक दलका सदस्यसहित जम्मा ७२ जना सवार उक्त विमान दुर्घटनामा ७१ जनाको मृत्यु भइसकेको छ भने बाँकी एकको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ।

# माघ तेस्रो सातासम्म खोप आइपुग्ने

**काठमाडौं/मस-** माघ तेस्रो सातासम्म बुस्टर डोजका लागि खोप आइपुग्ने भएको छ। स्वास्थ्य सेवा विभाग खोप शाखाका अनुसार फेब्रुअरी ३ अर्थात् माघ २० गते खोप आइपुग्ने छ। कोभिडविरुद्धको बुस्टर डोजका रूपमा चौथो मात्रा खोप लगाउनका लागि १५ लाख मात्रा 'वाई भायोलेन्ट' खोप ल्याउन लागिएको हो। यो खोप १२ वर्षमाथिका लागि उपयुक्त मानिएको र नयाँ भेरिएन्टमा पनि काम लाग्ने बताइएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार बुधबार १ हजार २९७ जनाको परीक्षणमा ११ संक्रमित देखिएका छन् भने देशभर ३२ जना सक्रिय संक्रमित छन्। हालसम्म एक मात्रा २ करोड ३२ लाख ८ हजार ४८३ जनाले लगाएका छन्। त्यसैगरी भने दोस्रो मात्राको खोप लगाउने २ करोड २३ लाख २४ हजार ९३३ जना रहेका छन्। अतिरिक्त मात्राको खोप लगाउनेको संख्या ७९ लाख ७२ हजार ७९१ जना रहेको छ। हाल बुस्टर खोपका लगि खोप उपलब्ध छैन।चीनको सिनोभ्याक खोप मात्र स्टकमा रहेका छन् जुन बुस्टरका लागि लगाउन मिल्दैन।


## साइप्रसमा वैदेशिक रोजगार | कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD.

शहर: Cyprus

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२०६ LT. No.: 279563

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 500 | ७०,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८६,३९६ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | ११२,९३६ | | | | | | | |
| 4. | Domestic Worker | 0 | 5 | | 315 | ४४,४६९ | | | | | | | |
| 5. | Waiter/waitress | 4 | 4 | | 787 | १११,१०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १२ गते (26 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

यस कम्पनीलाई Barman, Receptionist, Kitchen Assistant & Spa Therapist पनि आवश्यकता भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ई. पत्र नं.: १४५४/०७४/०७५

All-Solution Employment Service Pvt. Ltd.

Basundhara-3, Kathmandu, Tel.: 01-5903078 | 5903079

E-mail : Info@allsolution.com.np | Web.: www.allsolution.com.np


# मधेस प्रदेश : मुख्यमन्त्री यादवलाई शतप्रतिशत मत प्राप्त

**जनकपुरधाम/मस-** मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई शतप्रतिशत विश्वासको मत प्राप्त भएको छ।

बुधबारको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले सभामा उपस्थित एक सय दुईमध्ये सम्पूर्ण सदस्यको मत प्राप्त गरेका हुन्। सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री यादवले विश्वासको मत पाऊँ भनी सभामा प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मत पारित भएको घोषणा गरे।

मुख्यमन्त्री यादवलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने दशवटै दल र स्वतन्त्र सांसदले पनि विश्वासको मत दिएका हुन्। मधेस प्रदेशसभामा नेकपा(माओवादी केन्द्र)का दुई प्रदेशसभा सदस्यको शपथ ग्रहण बाँकी रहेकाले प्रदेशसभामा हाल एक सय पाँच सदस्य रहेका छन्।

पुस २७ गते मुख्यमन्त्रीको दाबी पेश गर्दा सत्ता गठबन्धन दल र दुई स्वतन्त्र सांसद गरी ६३ जनाको मात्रै समर्थन रहेकामा बुधबारको बैठकमा यादवले असाधारण अर्थात् उपस्थित सम्पूर्ण सदस्यको मत प्राप्त गरे। एक सय सात सदस्यीय मधेस प्रदेशसभामा नेकपा (एमाले) २४, नेपाली कांग्रेस २२, जसपा १६, जनमत पार्टी १३, माओवादी केन्द्र नौ, लोकतान्त्रिक समाजवादी पार्टी सात, नेकपा (एकीकृत समाजवादी) सात, राप्रपा, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी (एक/एक) र चार जना स्वतन्त्र प्रदेशसभा सदस्य छन्।

# भू-उपयोग नीति कार्यान्वनका विषयमा अन्तरक्रिया

**टक्सार/मस-** जग्गा वर्गीकरणका विषयमा चर्चा चलिरहँदा भोजपुर नगरपालिकाले भू-उपयोग नीति कार्यान्वनका विषयमा सरोकारवालासँग अन्तर्क्रिया शुरु गरेको छ।

भू-उपयोग नीतिका बारेमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले अहिले नगरपालिकाले वडास्तरीय अन्तर्क्रिया कार्यक्रम सुरु गरेको भोजपुर नगरपालिकाका कार्यक्रम अधिकृत सुरेन्द्र राईले बताए। भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ मा भएका मापदण्ड तथा व्यवस्था र वर्गीकरणको सवालमा वडास्तरीय छलफल तथा अन्तर्क्रिया कार्यक्रम भइरहेको कार्यक्रम अधिकृत राईको भनाइ छ।

भू-उपयोग ऐन, २०७६ र नियमावली, २०७९ जारी भएकाले भोजपुर जिल्लामा रहेका दुई नगरपालिका र सात गाउँपालिकाले पनि सोहीअनुसार आफ्नो क्षेत्रमा कार्यान्वनमा ल्याउने छन्। जग्गा वर्गीकरण गरिएका समूहमा कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्त्व र नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्रसहित १० क्षेत्रमा विभाजन गरिएको छ।

भौगोलिक अवस्था, भूमिको क्षमता एवं आवश्यकताका आधारमा जग्गाको वर्गीकरण गरेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रत्येक स्थानीय तहको भू-उपयोग क्षेत्र नक्सा र त्यसको विवरण तयार पार्नुपर्ने भनेकाले सोहीअनुसार भोजपुर नगरपालिकाले पनि तयारी शुरु गरेको हो। सोहीअनुसार भोजपुर नगरपालिकाले पालिकाभित्रका १२ वटा वडामध्ये वडा नम्बर १ देखि ९ सम्म सार्वजनिक छलफलसहित अन्तर्क्रिया गरेको छ।

## भुलसुधार

मिति २०७९/०९/३० गते मध्यान्ह दैनिकमा प्रकाशित **सनराईज एकेडेमी**को नाम परिवर्तन हुनुपर्नेमा भुलवस हकदावी भएकाले भुलसुधार गरिएको छ।


इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१०/०५**

यस कार्यालयमा दर्ता उक्त साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सनराईज एकेडेमी** कायम गर्ने गरी यस कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त एकेडेमीको दर्ता नियमानुसार खारेज गरिनेछ।



## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको तपसीलमा उल्लिखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट तपसीलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई तिर्नू बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असूल उपर गरिनूका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसील**

**ऋणीको विवरणः**



नरहरि ढुंगेल/बाल कुमारी उपाध्यायको नाति, बैकुण्ठ प्रसाद शर्मा/सावित्री ढुंगेलको छोरा, सुनिता खतिवडा (ढुंगेल)को पति काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.२९ बस्ने **बिजय प्रसाद ढुंगेल** (ना.प्र.नं. : २७४२२३/९२७, जारी मिति २०३८/०८/१७, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)

**ब्यक्तिगत जमानीकर्ताहरुको विवरणः**



१. लोकनाथ खतिवडा/तेजकुमारी खतिवडाको नातिनी, कृष्ण प्रसाद खतिवडा/लिला देवी खतिवडाको छोरी, बिजय प्रसाद ढुंगेलको पत्नी काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ बस्ने **सुनिता खतिवडा (ढुंगेल)** (ना.प्र.नं. : २७१०६०/६३४३५, जारी मिति २०६७/०५/२९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)

**धितो सुरक्षणको विवरणः**

१. ऋणि बिजय प्रसाद ढुंगेल शेयर धनीको नाममा रही धनी बैंकको नाममा रोक्का कायम रहेको तपसिल बमोजिमका शेयरहरु।

| क.सं. | कम्पनीको नाम | स्कीप्ट | शेयर संख्या | शेयर धनीको नाम | शेयरको किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि विकास बैंक लि. | ADBL | १२२ | बिजय प्रसाद ढुंगेल | साधारण |
| २ | अरुण भ्याली हाइड्रोपवर कम्पनी लि. | AHPC | २९० | | |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ALICL | २३९ | | |
| ४ | सिभिल बैंक लि. | CBL | ४३२ | | |
| ५ | सेन्चूरी कमर्सियल बैंक लि. | CCBL | ४९८ | | |
| ६ | चिलिमे हाइड्रोपवर कम्पनी लि. | CHCL | २४९ | | |
| ७ | सिटिजन बैंक इन्टरनेशनल लि. | CZBIL | ८४५ | | |
| ८ | गरिमा विकास बैंक लि. | GBBL | ४०७ | | |
| ९ | ग्लोबल आइएमई बैंक लि. | GBIME | १२३६ | | |
| १० | कामना सेवा विकास बैंक लि. | KSBBL | ६७ | | |
| ११ | लक्ष्मी बैंक लि. | LBL | १८ | | |
| १२ | मेगा बैंक नेपाल लि. | MEGA | ३०२ | | |
| १३ | मञ्जुश्री फाइनान्स लि. | MFIL | ४११ | | |
| १४ | महालक्ष्मी विकास बैंक लि. | MLBL | ११० | | |
| १५ | मुक्तिनाथ विकास बैंक लि. | MNBBL | १०३९ | | |
| १६ | एनएमबी बैंक लि. | NMB | १८९ | | |
| १७ | प्राइम कमर्सियल बैंक लि. | PCBL | ६१६ | | |
| १८ | प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. | PLIC | २३९ | | |
| १९ | प्रभु बैंक लि. | PRVU | २८ | | |

२. सुनिता खतिवडा (ढुंगेल)को नाममा कायम रही धनी बैंकको नाममा रोक्का कायम रहेको तपसिल बमोजिमका शेयरहरु।

| क.सं. | कम्पनीको नाम | स्कीप्ट | शेयर संख्या | शेयर धनीको नाम | शेयरको किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि विकास बैंक लि. | ADBL | ४० | सुनिता खतिवडा (ढुंगेल) | साधारण |
| २ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ALICL | १५७ | | |
| ३ | सिभिल बैंक लि. | CBL | १०५ | | |
| ४ | सेन्चूरी कमर्सियल बैंक लि. | CCBL | ९९ | | |
| ५ | सिटिजन बैंक इन्टरनेशनल लि. | CZBIL | ६४ | | |
| ६ | ग्लोबल आइएमई बैंक लि. | GBIME | ८९२ | | |
| ७ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. | GILB | १७ | | |
| ८ | कर्णाली विकास बैंक लि. | KRBL | १३२ | | |
| ९ | कर्णाली सेवा विकास बैंक लि.. | KSBBL | ५५ | | |
| १० | लक्ष्मी बैंक लि. | LBL | ४९ | | |
| ११ | मेगा बैंक नेपाल लि. | MEGA | २०३ | | |
| १२ | मञ्जुश्री फाइनान्स लि. | MFIL | २०७ | | |
| १३ | महालक्ष्मी विकास बैंक लि. | MLBL | ५० | | |
| १४ | मुक्तिनाथ विकास बैंक लि. | MNBBL | ३९४ | | |
| १५ | नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि. | NCCB | २५ | | |
| १६ | प्राइम कमर्सियल बैंक लि. | PCBL | १००३ | | |
| १७ | प्रभु बैंक लि. | PRVU | १३ | | |
| १८ | सांग्रिला विकास बैंक लि. | SADBL | ६९ | | |
| १९ | सप्तकोशी विकास बैंक लि. | SAPDBL | २८ | | |
| २० | साइन रेसुङ्गा विकास बैंक लि. | SHINE | १३९ | | |
| २१ | सनराइज बैंक लि. | SRBL | ५५७ | | |

३. बैकुण्ठ प्रसाद शर्मा/सावित्री ढुंगेलको नाति, बिजय प्रसाद ढुंगेलको छोरा अभिन्न ढुंगेलको नाममा कायम रही धनी बैंकको नाममा रोक्का कायम रहेको तपसिल बमोजिमका शेयरहरु।

| क.सं. | कम्पनीको नाम | स्कीप्ट | शेयर संख्या | शेयर धनीको नाम | शेयरको किसिम |
|---|---|---|---|---|---|
| १ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ALICL | ५९ | अभिन्न ढुंगेल | साधारण |
| २ | सिभिल बैंक लि. | CCBL | ६३ | | |
| ३ | सिभिल बैंक लि. | CBL | १६६ | | |
| ४ | चिलिमे हाइड्रोपवर कम्पनी लि. | CHCL | ५५ | | |
| ५ | ग्रामिण लघुवित्त वित्तीय संस्था लि. | GBLBS | ९८ | | |
| ६ | हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. | HIDCL | १५२ | | |
| ७ | मञ्जुश्री फाइनान्स लि. | MFIL | २०५ | | |
| ८ | ग्लोबल आइएमई बैंक लि. | GBIME | ९२ | | |
| ९ | नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि. | NCCB | २८ | | |
| १० | प्राइम कमर्सियल बैंक लि. | PCBL | १७६ | | |
| ११ | ज्योति विकास बैंक लि. | JBBL | ५८५ | | |
| १२ | कर्णाली विकास बैंक लि. | KRBL | ६११ | | |
| १३ | मुक्तिनाथ विकास बैंक लि. | MNBBL | १३४ | | |
| १४ | प्रभु बैंक लि. | PRVU | ५८ | | |
| १५ | रिडी पावर कम्पनी लि. | RIDI | १५ | | |
| १६ | एनआइसी एसिया बैंक लि. | NICA | १२७ | | |
| १७ | बिजय लघुवित्त वित्तीय संस्था लि. | VLBS | ११ | | |

४. बैकुण्ठ प्रसाद शर्मा/सावित्री ढुंगेलको नातिनी बिजय प्रसाद ढुंगेलको छोरी जोत्सना ढुंगेलको नाममा कायम रही धनी बैंकको नाममा रोक्का कायम रहेको तपसिल बमोजिमका शेयरहरु।

| क.सं. | कम्पनीको नाम | स्कीप्ट | शेयर संख्या | शेयर धनीको नाम | शेयरको किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि विकास बैंक लि. | ADBL | ४२ | जोत्सना ढुंगेल | साधारण |
| २ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ALICL | १५७ | | |
| ३ | सेन्चूरी कमर्सियल बैंक लि. | CCBL | १५४ | | |
| ४ | चिलिमे हाइड्रोपवर कम्पनी लि. | CHCL | ४२० | | |
| ५ | सिटिजन बैंक इन्टरनेशनल लि. | CZBIL | १२ | | |
| ६ | सिभिल बैंक लि. | CBL | ६० | | |
| ७ | ग्लोबल आइएमई बैंक लि. | GBIME | ६० | | |
| ८ | कामना सेवा विकास बैंक लि. | KSBBL | ४८ | | |
| ९ | लक्ष्मी बैंक लि. | LBL | १०९ | | |
| १० | मञ्जुश्री फाइनान्स लि. | MFIL | १२३ | | |
| ११ | मुक्तिनाथ विकास बैंक लि. | MNBBL | ६१२ | | |
| १२ | नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि. | NCCB | १८ | | |
| १३ | नेरुडे लघुवित्त वित्तीय संस्था लि. | NLBBL | ४५२ | | |
| १४ | प्राइम कमर्सियल बैंक लि. | PCBL | १२०० | | |
| १५ | प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. | PLIC | ३५५ | | |
| १६ | सांग्रिला विकास बैंक लि. | SADBL | २२२ | | |
| १७ | साइन रेसुङ्गा विकास बैंक लि. | SHINE | ३३२ | | |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुतलीसडक ०१४४२७०९१/४४२९३३७/४४२४६५४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ माघ २०७९, बिहीबार
19 January 2023, Thursday

## सम्पादकीय

# गठबन्धनको परीक्षा

संघीय संसद अन्तर्गत प्रतिनिधिसभाको सभामुख चयनका लागि आज निर्वाचन हुँदैछ । गत पुष २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएसँगै जेष्ठ सदस्य पशुपतिशम्शेर जबराले स्थगित गरेको संसद बैठक आज पुनः बस्दैछ । विहीबार बस्ने संसद बैठकमा सभामुख चयनका लागि निर्वाचन हुने कार्यतालिका छ ।

तत्कालीन गठबन्धनको प्रमुख दल नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले अन्तिम समयमा आएर नेकपा एमालेसँग अर्को गठबन्धन गरेर सरकारको नेतृत्व गरेपछि बढेको दुरीकाबीच नेपाली काँग्रेसले पुष २६ मा बसेको संसद बैठकमा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको थियो । आन्तरिक विवादकैबीच काँग्रेस सभापति शेरबहादुर देउवाले प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेपछि नेपाली राजनीति थप चलायन भएको छ । यसबीचमा काँग्रेसप्रतिको प्रचण्डको दृष्टिकोणमा परिवर्तन आउनुको साथै नैतिक र राजनीतिक दबाब समेत बढेको छ । आफूलाई विश्वासको मत दिने ठूलो दललाई सकेसम्म सन्तुलित बनाएर अघि बढ्नु प्रचण्डको राजनीतिक यात्राका लागि सुरक्षित समेत हुन्छ । त्यसो त प्रचण्डको विगतले पनि उनको अस्थिर स्वभावलाई पुष्टि गरेको छ । यहीबीच प्रचण्ड आफैंले नेकपा एमालेसँग राष्ट्रपति र सभामुख पदमा मौखिक सहमति भए पनि लिखित दस्तावेज भने नभएको सार्वजनिक अभिव्यक्ति दिएपछि सत्ता सहयात्री एमाले संशकित बनेको छ । यसले प्रचण्ड र केपी शर्मा ओलीबीच आशंकाको वातावरण बनेको छ । यही बेला काँग्रेसले सभामुख र राष्ट्रपति दुवै वा त्यसमध्ये एक पाउने आकांक्षा राखेर राजनीतिक सक्रियता बढाएको छ । यसका लागि प्रचण्डसँग निरन्तर सम्पर्क बढाएको काँग्रेसले बुधवार सरकार इत्तरका जसपा, नेकपा एकीकृत समाजवादी लगायतका दलसँग छलफल समेत गरेको छ । बुधवार उसले सभामुख निर्वाचनका लागि सांसद ईश्वरी न्यौपानेको उम्मेदवारी दर्ता गराएको छ । यता सत्ता गठबन्धनबाट भने पूर्व सहमति बमोजिम एमालेका देवराज घिमिरेलाई सभामुखको साझा उम्मेदवार बनाएको छ । सांसद घिमिरेको प्रस्तावकमा एमाले सांसद सुवासचन्द्र नेम्वाङ छन् भने नेकपा (माओवादी केन्द्र) का नेता हितराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले समर्थन गरेका छन् ।

त्यस्तै, कांग्रेस सांसद न्यौपानेको प्रस्तावकमा कांग्रेसका महामन्त्री एवम् सांसद विश्वप्रकाश शर्मा छन् । समर्थकमा नेकपा (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वाला रहेका छन् ।

विहीबार हुने सभामुख निर्वाचनसँगै वर्तमान सत्ता गठबन्धनभित्र देखिएको शंकाको पनि पटाक्षेप हुने अपेक्षा गरिएको छ । किनभने सभामुख निर्वाचनको सीधा प्रभाव आगामी राष्ट्रपति निर्वाचनमा पनि हुनेछ । सभामुख निर्वाचनमा प्रचण्डको भूमिकालाई लिएर प्रश्न उठाउन थालिएपछि उनले आफू पूर्व सहमतिमा प्रष्ट रहेको बताएका छन् । बुधवार सभामुखको निर्वाचनका लागि उम्मेदवारी मनोनयन सकिदासम्म धेरै शंकाहरू हटिसकेको छ । त्यसो त काँग्रेसकी सभामुखका उम्मेदवार न्यौपानेले आफू निर्वाचित हुने र सांसद नै आफ्नो जीतको प्रमुख आधार रहेको अमूर्त प्रतिक्रिया दिएकी छन् ।

सभापति देउवाको राजनीतिक हठ र सत्ता लोलुप्तले एकैपटक केन्द्र र प्रदेश सरकार गुमाएको काँग्रेसको बाँकी झिनो आशा राष्ट्रपति निर्वाचन हो । प्रचण्डलाई राजनीतिक गुमराहमा पारेर राष्ट्रपतिमा मनाउन सके गठबन्धनलाई पनि पुनः उल्टाउन सकिने काँग्रेसको ठम्याइ छ । त्यसैले गठबन्धनको परीक्षाका रूपमा लिइएको सभामुख निर्वाचनले वर्तमान गठबन्धनको भविष्य तय गर्ने अनुमान गरिएको छ ।

# अधिकारको नाममा विखण्डन

*संघीयता किन, कसको लागि र के कारणले ल्याइयो ? ल्याउने व्यक्तिहरू नै अलमलमा परेको देखिन्छ । कांग्रेस र एमालेका कतिपय शीर्ष नेताहरूकै टिप्पणी पनि "हामीले संघीयता कसैको लागि मानिदिएका हौं" भन्ने खालको छ । यसबाट बुझ्न सकिन्छ, यो योजनाबद्ध कसैले भित्र्याएको हो ।*

अग्रलेख




● मेघराज भट्टराई

धेरै पटक लेखिएको तर, जनताले बुझ्न नसककेको विषय हो संघीयता । संघीयता किन, कसको लागि र के कारणले ल्याइयो ? ल्याउने व्यक्तिहरु नै अलमलमा परेको देखिन्छ । कांग्रेस र एमालेका कतिपय शीर्ष नेताहरुकै टिप्पणी पनि "हामीले संघीयता कसैको लागि मानिदिएका हौं" भन्ने खालको छ । यसबाट बुझ्न सकिन्छ, यो योजनाबद्ध कसैले भित्र्याएको हो । एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिकरूपमै संघीयता प्रवेशको विषयमा अनविज्ञता व्यक्त गरेका छन् । पूर्वमाओवादी नेता टोपबहादुर रायमाझी र कांग्रेस नेता चन्द्र भण्डारीको भनाइ पनि यस्तै प्रकारको छ । यहाँ 'नयाँ नेपाल', 'स्वीजरल्याण्ड', सिंगापुर जस्ता नारा दिएर जनतालाई झुक्याउन सिपालुले जम्मै प्रयोग गरे । संविधान बन्यो भने यो हुन्छ, त्यो हुन्छ भनियो । तर, त्यो कागजको खोस्टोले केही गर्दैन भन्ने कुरा बुझिएन ।

संविधान राम्रो वा नराम्रो भन्ने नै हुँदैन । संविधान एउटा कानुनी दस्तावेज हो, जसलाई पालना गर्न सक्यो भने गराउन सक्यो भने धेरै राम्रो हुन सक्छ । पालना गराउने या गर्ने व्यक्तिहरुमाथि निर्भर हुने कुरा हो । 'ठूलालाई चैन र सानालाई ऐन' गराउने हो भने कागजमा के लेखिएको छ ? मतलब नै हुँदैन । गरिब निमुखा व्यक्ति मजदुरी गरोस् कि किताब पल्टाओस् ? अर्थ राख्दैन । नियम र कानुनलाई इमानदारिताको साथ पालना गर्ने हामी सम्पूर्ण नागरिक अनि कर्मचारी राजनीतिक पार्टी र तिनका नेता कार्यकर्ता सबैको उत्तिकै जरुरी हुन्छ, जो हाम्रो चरित्रमा छैन । जबसम्म हामीले आफ्नो चरित्रलाई परिवर्तन गर्दैनौ यहाँ केही बदलिनेवाला छैन । यो संविधान पनि यस्तै विषय हो ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**New Light International Pvt. Ltd.**
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com


अनुसूची–१५
(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/१०/०५**

श्री गंगामाला सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी ७ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७८/०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ८५ को ८५०.८८ क्यु.फि. काठ र १.३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री गंगामाला सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी ७, सुर्खेत**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता कायम भएको **द सिक्स्थ ईन्जीनियरिङ अफ सि.सि.सि.सि. नेपाल कम्पनी प्रा.लि. (दर्ता.नं. १३६७३३)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/०४ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/०५**

**काष्ठमण्डप सर्भिसेज प्रा.लि.** को मिति २०७९/०९/१२ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आहा सेवा प्रा.लि. (प्रा.लि.नं.: १८९९८९)** कायम गर्ने गरी मिति २०७९/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७९/१०/०५**

यस कार्यालयमा **मिति २०७९/०४/२४** मा दर्ता भएको प्रा.लि. **नं. २९५९२०** को **मिस्टर चिया प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## Madhyabindu Municipality
## Office of Municipal Executive
**Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

**First Date of publication: 2022-12-19 (2079-09-04)**
**Second Date of publication: 2023-01-19 (2079-10-05)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 14/MBMW/ Works/ 2079/80 | Construction Of Overhead Water Tank Phase-II at Madhyabindu-10, Arungkhola | NCB- WORKS | 2425125.45 | 3000/- | 60000.00 | 90 days/ 120 days after bid opening | 2023-02-03 (2079-10-20) 12.00 | 2023-02-03 (2079-10-20) 14.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
५ माघ २०७९, बिहीबार
19 January 2023, Thursday

# बक्स अफिस समाचार

## ‘भगवत् गीता’मा भित्रिए विपिन



काठमाडौं/मस- अभिनेत्री झरना थापाको निर्देशनमा बन्न लागेको फिल्म ‘भगवत् गीता’मा अभिनेता विपिन कार्की अनुबन्धित भएका छन् । निर्देशक थापा र विपिनबीच बुधबार कागजी सम्झौता भएको हो । यसै साता फिल्म ‘प्रसाद २’को छायांकन सकेर काठमाडौं फर्किएपछि उनीसँग भेट गर्दै झरनाले फिल्म अफर गरेकी थिइन् । टिम र चरित्र मन परेपछि उनी काम गर्न राजी भएको विपिनले बताएका छन् ।

विपिनभन्दा अघि दयाहाङ राई र सौगात मल्ललाई फिल्ममा एउटा महत्वपूर्ण भूमिकाका लागि अप्रोच गरिएको थियो । तर व्यस्त सेड्युलका कारण दुबैले नभ्याउने भएपछि निर्माण टिमले विपिन रोजेको हो । सुनिलकुमार थापाको निर्माणमा बन्न लागेको यस फिल्ममा अभिनेता धिरज मगर र अभिनेत्री सुहाना थापाको मुख्य भूमिका रहनेछ । यही माघ २० गतेबाट फिल्म फ्लोरमा जाँदैछ ।

आगामी बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ । तर मुख्य अभिनेता छनोटमा लामो समय लाग्दा छायांकनमा निस्कन ढिलाइ भएकाले अब यो फिल्म नयाँ वर्षमा आउने सम्भावना न्यून छ । अन्तरजातीय प्रेमकथामा निर्माण हुन लागेको फिल्मलाई जनकपुर र दार्चुलामा खिचिनेछ । फिल्ममा सञ्जय लामाको छायांकन, साहिल खानको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी रहनेछ ।

## अष्ट्रेलियाको सांगीतिक यात्रामा नेपथ्य



**काठमाडौं/मस-** लोकरक ब्याण्ड नेपथ्यले अष्ट्रेलियाको सांगीतिक यात्रा गर्ने भएको छ । यसअघि सन् २०१९ को डिसेम्बरमा नेपथ्यले आफ्नो श्रृंखलावद्ध प्रस्तुतीसहित अष्ट्रेलियाको छ शहरको सांगीतिक यात्रा गरेको थियो । यसपटकको यात्रामा भने नेपथ्यले आठ शहरमा आफूलाई प्रस्तुत गर्दैछ ।

‘मानवताका लागि संगीत’ नामको सांगीतिक अभियान यात्रामा नेपथ्यले हालै मात्र एक महिना लामो देशव्यापी यात्रा सफलतापूर्वक सम्पन्न गरेको थियो । त्यतिबेला मुलुकभर सडक आश्रितहरुको क्षेत्रमा सेवारत ‘मानवसेवा आश्रम’सँगको सहकार्यसहित सातै प्रदेशका दश शहरमा कार्यक्रम प्रस्तुत गरिएका थिए । अपेक्षाकृत सफलतासहित सम्पन्न सो यात्राले संगीतको माध्यमबाट मानवता प्रवर्द्धन गर्न सफल भएको जस संकलन गरेको थियो ।

‘सोही यात्राको प्रतिक्रियाबाट प्रेरित भएर हामीले सन् २०२३ भरि हाम्रा सबै प्रस्तुतिहरुलाई ‘मानवताका लागि संगीत’को नारासहित मानवता प्रवर्द्धन अभियानको श्रृंखलाको रुपमा प्रस्तुत गर्ने विचार गरेका छौं,’ नेपथ्यका अगुवा अमृत गुरुङले भने ।

नेपथ्य ‘म्युजिक फर ह्युम्यानिटी अस्ट्रेलिया टुर २०२३’ नाम दिइएको यो सांगीतिक यात्रा जनवरी २५ मा डार्विन स्थित ‘इन्टरटेनमेन्ट सेन्टर’बाट प्रारम्भ हुने छ । त्यसपछि जनवरी २८ तारिखमा एडिलेडस्थित ‘हिण्डले म्यूजिक हल’मा र जनवरी ३१ मा ब्रिसबेनको ‘फोर्टिच्यूड म्यूजिक हल’मा सम्पन्न भएसँगै चौथो प्रस्तुतिका लागि नेपथ्य अष्ट्रेलियाकै केन्द्रीय राजधानी क्यानबेरामा पुग्ने छ । फेब्रुअरी ३ तारिख शुक्रबारका दिन त्यहाँस्थित ‘म्येनिंग क्लार्क हल, काम्ब्री’मा ब्याण्डले प्रस्तुति दिनेछ । यसअघि पाँचपटक अष्ट्रेलियाको भ्रमण गरिसकेको ब्याण्डका लागि राजधानी क्यानबेरामा भने यो पहिलो अनुभव हुनेछ । पाँचौं कन्सर्टका लागि ब्याण्ड ‘वेस्टर्न अष्ट्रेलिया’ राज्यको राजधानी पर्थ शहर पुग्नेछ । फेब्रुअरी ५ तारिख आइतबारका दिन ब्याण्डले त्यहाँस्थित ‘मेट्रो सिटी हल’मा आफूलाई उभ्याउनेछ ।

त्यसपछिको नेपथ्यको यात्रा पृथ्वीको दक्षिणी गोलार्द्धमै उसका सबैभन्दा धेरै प्रशंसकहरुले भरिएको शहर सिड्नीको हुनेछ । अष्ट्रेलियाकै पहिलो राज्य न्यूसाउथ वेल्सको राजधानी एवं आर्थिक केन्द्र सिड्नीमा ब्याण्डले फेब्रुअरी १० तारिख शुक्रबारको दिन आफूलाई ‘होर्डर्न पभिलियन’मा प्रस्तुत गर्नेछ ।

सिड्नी पछि नेपथ्यको यात्रा ‘भिक्टोरिया’ राज्यतर्फको हुनेछ । उक्त राज्यको राजधानी मेलबर्नमा ब्याण्डले १३ फेब्रुअरी सोमबारका दिन आफूलाई प्रस्तुत गर्नेछ । कन्सर्टका लागि त्यहाँस्थित ‘फोरम मेलबर्न’ हलको छनोट गरिएको छ । सो हल मेलबर्नकै केन्द्र मानिने फ्लिन्डर्स रेलवे स्टेशन नजिकै रहेको छ ।

त्यसपछिको नेपथ्यको यात्रा अष्ट्रेलियाकै पुछारतर्फको हुनेछ । अष्ट्रेलियाको बेग्लै टापुमा बसेको राज्य तास्मानियामा अन्तिम कन्सर्टको निम्ति नेपथ्य पुग्नेछ । त्यस राज्यको राजधानी होबार्टस्थित ‘ओडियन थिएटर’मा फेब्रुअरी १७ तारिख शुक्रबारको दिन नेपथ्यका लोकभाकाहरु घन्कने छन् ।

नेपथ्यको अस्ट्रेलिया यात्राको लागि छ जना संगीतकर्मीसहित प्राविधिक एवं व्यवस्थापन गरेर १३ सदस्यीय टोली आउँदो २० तारिख त्यसतर्फ प्रस्थान गर्दैछ । पूर्वनिर्धारित आठवटा कार्यक्रम प्रस्तुत गरेर फेब्रुअरीको २० तारिखमा सो टोली नेपाल फर्कने योजना रहेको छ ।

## दर्शक फकाउन ‘सरी मम’को अफरै अफर




**काठमाडौं/मस-** बिहीबारबाट उपत्यकाभित्र प्रदर्शन हुन लागेको फिल्म ‘सरी मम’ले दर्शकलाई लक्षित गरेर विभिन्न अफरहरू सार्वजनिक गरेको छ । निर्माण टिमले आफ्नो आमासँगको तस्बिर अथवा भिडियो टिकटकमा सेयर गरेर ह्यासट्यागसहित टिकटक बनाउँदा धेरै लाइक्स पाउनेलाई २५ हजार र क्रियटिभ टिकटकलाई २५ हजार प्रदान गर्ने भएको छ ।

यो अफर माघ महिनाभरलाई लागू हुनेछ । निर्माता विनोद लामाले फिल्मको दुईवटा टिकट किन्दा दर्शकले एउटा टिकट सित्तैमा पाउने पनि जानकारी दिए । हलवालासँगको सहमतिमा यो योजना ल्याइएको निर्देशन नविन बोगटी बताए । त्यस्तै, बसुन्धरामा रहेको चिरायू अस्पतालले फिल्मको टिकट लिएर आउने दर्शकलाई सबै स्वास्थ्य परीक्षणमा ५० प्रतिशतसम्म छुट दिने भएको छ ।

लागुऔषध दुर्व्यसनी विरुद्धको कथामा बनेको फिल्म पहिलो चरणमा उपत्यका अन्तर्गतका हलहरुमा मात्रै लाग्ने र त्यसपछि प्रदेश लक्षित गरेर सातै प्रदेशमा पुऱ्याउने निर्माता लामाले बताए । ‘हाम्रो फिल्म सामाजिक सन्देशमुलक फिल्म हो । बालबच्चा र किशोर भएका हरेक परिवारका सदस्यले यो फिल्म हेर्नैपर्ने अभियान लिएर देशव्यापी सन्देश पुऱ्याउने उद्देश्य लिएका छौं,’ लामाले भने ।

यो फिल्ममा सरोज खनाल, सरिता लामिछाने, एलिस राई, प्रभात पल, प्रेविल कँडेल, आरबि कटुवाल, बिहान श्रेष्ठ, युनिसा बजगाइँ, रेजिना मगर, सरोज बखुरेल, लालमणि भण्डारीको मुख्य भूमिका छ । दिर्घ गुरुङको छायांकन र प्रितम पाण्डेको सम्पादन रहेको फिल्मलाई आयुष बुढाथोकी र सरोज पौडेलले लेखेका हुन् । सिनेटर खेमराज अधिकारी र रोजिता तामाङ फिल्मको निर्माता हुन् ।

## ‘जेरी २’मा आना अनुबन्धित



**काठमाडौं/मस-** फिल्म ‘जेरी २’मा अभिनेत्री आना शर्मा अनुबन्धित भएकी छिन् । निर्माण कम्पनी र अभिनेत्री आनाबीच मंगलबार लिखित सम्झौता भएको हो । फिल्ममा आनाको मुख्य भूमिका रहने फिल्मका निर्माता सरोज न्यौपानेले जानकारी दिए । यस फिल्ममा आनासहित अनमोल केसी र पूर्णिका सिंजापति मुख्य भूमिकामा देखिनेछन् ।

हेमराज बिसी निर्देशित यो फिल्म सन् २०१४ मा रिलिज भएको हिट फिल्म ‘जेरी’को सिक्वेल हो । जसमा आना र अनमोलको मुख्य भूमिका थियो । जुन आनाको डेब्यू फिल्म समेत हो । न्यौपानेका साथै रामकृष्ण श्रेष्ठको लगानी रहेको फिल्मको छायांकन मार्चबाट शुरु गरिने योजना छ ।

लुक्लादेखि सगरमाथा आधार शिविर, अष्ट्रेलिया र अमेरिकामा फिल्म छायांकन गर्ने तयारी छ । ‘जेरी’को पहिलो श्रृंखलाले घरेलु बक्स अफिसमा राम्रो कमाइ गरेको थियो । पहिलो फिल्मबाटै हिट भएपछि आनालाई पछाडि फर्केर हेर्नु परेको छैन ।

**हलेसी तुवाचुङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दुर्छिम, खोटाङ
**प्रदेश नं. १, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।।**

**सूचना प्रकाशन मिति: २०७९/१०/०५ गते**

अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कीत बोलपत्रहरु स्वीकृतका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गरान्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम रु (VAT + Provisional cost) |
|---|---|---|---|---|
| १ | HTM/Works/NCB-01/2079/080 | Construction of ward office 1,2 & 3 | Ojash Nirman Sewa, Godawari -11, Lalitpur | १,०९,७९,२८८.३४/- |
| २ | HTM/Works/NCB-02/2079/080 | Construction of ward office 7 | Brothers United Construction Pvt.Ltd, Gokarneshwor Municipality-6 Kathamandu | ५४,९८,८१६.१५/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**Madhyabindu Municipality**
**Office of Municipal Executive**
**Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation**

**First Date of publication: 2023-01-19 (2079-10-05)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 16/MBMW/Works/2079/80 | Construction of Shades and Taarjali of Gaushala Madhyabindu 11 | SQ- WORKS | 1250826.43 | 1000/- | 35000.00 | 45 days/90 days after bid opening | 2023-02-03 (2079-10-20) 12.00 | 2023-02-03 (2079-10-20) 14.00 |

**Chief Administrative Officer**

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/१०/०५**

श्री सिद्धार्थ सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी १ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७८/०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ६४ को ८८७.४३ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लै जानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री सिद्धार्थ सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी १, सुर्खेत**

# प्रधानमन्त्री कप महिला क्रिकेटको सेमिफाइनल समीकरण पूरा



**काठमाडौं/मस–** लुम्बिनी प्रदेशमाथि १६ रनको रोमाञ्चक जित निकाल्दै मधेश प्रदेश इटहरीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ ।

इटहरीको जनता पार्कमा सम्पन्न बुधबारको पहिलो खेलबाट सुखद नतिजा निकाल्दै मधेश प्रदेशले अन्तिम चारमा स्थान बनाएसँगै इटहरीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा सेमिफाइनल समीकरण पूरा भएको छ । यसअघि समूह 'ए'बाट सुदूरपश्चिम समूह विजेता र एपीएफ उपविजेता बन्दै अन्तिम चारमा प्रवेश गरेका थिए । यस्तै समूह 'बी'बाट प्रदेश १ सबै खेलमा जित निकाल्दै नकआउट चरणमा पुगेको थियो ।

बुधबार अन्तिम चारमा स्थान बनाउने क्रममा मधेशले प्रस्तुत गरेको १ सय ८ रनको लक्ष्य पछ्याएको लुम्बिनीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर मात्र ९१ रन जोड्नसक्यो । लुम्बिनीका लागि रञ्जु श्रेष्ठ र मधु डिसीले अविजित समान २१ रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन । यसअघि ओपनर लक्ष्मी चौधरीले १२ रन जोड्दै मध्यम शुरुवात गर्दा आस्मा पुलामी मगर र कप्तान सरस्वती जिएमले समान ११ रनको पारी खेलेका थिए । यस बाहेक सरस्वती पुनले १० रन जोड्दा सुस्मिता बजगाई शून्यमा पवेलियन फर्किन् । लुम्बिनीको इनिङलाई रोक्ने क्रममा मधेशकी भूमी सिंहले दुई तथा कप्तान कविता गौतमले एक विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको मधेशले पूरै २० ओभरमा पाँच विकेटकौ क्षतिमा १ सय ७ रन बनाएको थियो । मधेशका लागि साना प्रविनले ६४ बलमा पाँच चौका मद्दतमा सर्वाधिक ४६ तथा रोजी कडारीले १५ रन बनाए भने अन्य खेलाडीले दोहोरो अंकको स्कोर गर्न सकेनन् । लुम्बिनीका लागि मनिषा राना, सरस्वती पुन र बिवास्ना जिसीले समान एक विकेट लिए ।

यस्तै बुधबार नै भएको अर्को खेलमा बागमती प्रदेशले प्रतियोगितामा पहिलो जित निकालेको छ । समूह चरणको अन्तिम खेलमा बागमतीले गण्डकी प्रदेशलाई ३७ रनले हराएको हो । बागमतीले दिएको १ सय ३६ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको गण्डकीले २० ओभरमा ५ विकेट गुमाएर ९८ रन मात्र बनाउन सक्यो ।

गण्डकीका लागि सिमाना केसीले अविजित ३६ रन जोडिन । कप्तान श्रीष्टि जैसीले ३४ रन बनाइन् । बागमती प्रदेशका अश्मिना कर्माचार्यले ३ तथा बिपिसा शाही र साबिका यादवले १/१ विकेट लिइन् । त्यसअघि पहिले ब्याटिङ गरेको बागमतीले २० ओभरमा ५ विकेट गुमाएर १ सय ३५ रन जोडेको थियो । बागमतीका लागि कन्चन श्रेष्ठले ५६ रनको अर्धशतकीय इनिङ खेलिन् । त्यस्तै कप्तान अश्मिना कर्माचार्यले १८ रन जोड्दा सोनी पाखिनले १३ रन बनाइन् । अस्मिता खरेलले १२ र हेलिसा गुरुङले ११ रन जोडिन् । गण्डकीका कुसुम गोदार, सृष्टि जैसी, निरुता जिटी र सिमाना केसीले १/१ विकेट लिए ।

यस जितसँगै समूह 'ए' को बागमतीले ३ खेलमा २ अंक जोड्यो । बागमती सान्त्वना जितसँगै प्रतियोगिताबाट बाहिरिएको छ । गण्डकी जितविहीन बन्दै प्रतियोगिताबाट बाहिरिएको छ ।

प्रतियोगितामा शुक्रबार सेमिफाइनल खेल हुनेछन् । दिनको पहिलो सेमिफाइनल खेल सुदूरपश्चिम प्रदेश र मधेश प्रदेश तथा दोस्रो सेमिफाइनल खेल एपीएफ र प्रदेश १ बीच हुनेछ ।

# नाडाल दोस्रो चरणबाटै बाहिरिए



**काठमाडौं/एजेन्सी–** साविक विजेता तथा विश्व नम्बर एक राफेल नाडाल वर्षको पहिलो ग्रान्डस्लाम अस्ट्रेलियन ओपनको दोस्रो चरणबाटै बाहिरिएका छन् । मेलबर्नस्थित रोड लभेर एरिनामा बुधबार भएको खेलमा वरीयताको ६३ स्थानका म्याकेन्जी म्याकडोनाल्डसँग ३-० को सोझो सेटमा हार व्यहोरेसँगै ओपनमा नाडालको चुनौती दोस्रो चरणबाटै समाप्त भएको हो । अमेरिकाका २७ वर्षीय म्याकडोनाल्डले नाडाललाई ६-४, ६-४, ७-५ को सेटमा जित निकाल्दै तेस्रो चरणमा स्थान पक्का गरे ।

कीर्तिमानी २२ पटक ग्रान्डस्लामको उपाधि जितेका ३६ वर्षीय नाडालले गत वर्ष भने फाइनलमा ड्यानिलय मेड्भेडेभलाई पराजित गर्दै अस्ट्रेलियन ओपनको उपाधि जितेका थिए । सन् २००४ देखि ओपन खेल्दै आएका नाडालले हालसम्म दुई पटक यसको उपाधि जितेका छन् ।

बुधबारै भएको खेलमा जित निकाल्दै विश्व वरीयताको छैटौं स्थानका फेलिक्स अगर एलियासिम र १५औं स्थानका जानिक सिनर पनि ओपनको तेस्रो चरणमा प्रवेश गरेका छन् ।

एलियासिमले वरीयताका ५४औं स्थानमा रहेका एलेक्स मोल्कानलाई ३-२ को सेटमा पराजित गरेका हुन् । सर्वियाका २५ वर्षीय मोल्कानविरुद्ध पहिलो दुई सेटमा ६-३, ६-३ ले पछि परेका एलियासिमले त्यसपछि तीन सेटमा ६-३, ६-२, ६-२ को जित निकाल्दै तेस्रो चरणमा स्थान पक्का गरेका हुन् ।

यस्तै, सिनरले अर्जेन्टिनाका टोमस मार्टिन इचेभेरीलाई ३-० को सोझो सेटमा जित निकाल्दै तेस्रो चरणमा स्थान बनाए । वरीयताको ८०औं स्थानमा रहेका इचेभेरीविरुद्ध सिनरले ६-३, ६-२, ६-२ को सेटमा जित निकाले ।

# क्रिकेट प्रशिक्षकका लागि पाँच दाबेदारको नाम छनोट



**काठमाडौं/मस-** नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षकका लागि आवेदन दिएकामध्ये उत्कृष्ट पाँच जनाको नाम छनोट गरेको छ । क्यानले यसै हप्ताभित्र नेपाली टिमको मुख्य प्रशिक्षक नियुक्त गर्ने भएको छ ।

आइतबारसम्मको समय दिएर आवदेन आह्वान गरेको क्यानले बुधबार ५ जनाको नाम सर्टलिस्ट गरेको हो । निर्धारित समयभित्र ३५ जनाले मुख्य प्रशिक्षकका लागि आवेदन दिएका थिए । त्यसबाट ५ जनालाई सर्टलिस्ट गरेर अन्तर्वार्ताका लागि छनोट गरिएको हो ।

अन्तर्वार्ता बुधबारदेखि बिहीबारभित्र सकेर नतिजा सार्वजनिक गर्ने गरी काम भइरहेको बताइएको छ । नेपाल टिमको प्रशिक्षक बन्न आवेदन दिएकामध्ये झण्डै एक दशकदेखि नेपाल क्रिकेटसँग जोडिएका भारतका मोन्टी देशाई, नेपाल टिमका पूर्व प्रशिक्षक डेभ ह्वाटमोर, पूर्व बलिङ सल्लाहकार श्रीलंकाली धम्मिका प्रसाद, बंगलादेश क्रिकेट टिमका निवर्तमान प्रमुख प्रशिक्षक दक्षिण अफ्रिकी रसेल क्रेग डोमिंगो र न्युजिल्याण्ड टी-२० टिमका पूर्व प्रमुख प्रशिक्षक ग्लेन पोकनललाई छनोट गरिएको छ ।

उनीहरुलाई वेब अन्तर्वार्ता लिइने र त्यसपछि समितिले नेपाली टिमको मुख्य प्रशिक्ष नियुक्त गर्ने छ । डेभ ह्वाटमोर, मोन्टी देशाई र धम्मिका प्रसाद सबै नेपाली क्रिकेट टिमबारे राम्रो जानकार व्यक्ति भएकाले यी ३ मध्ये १ जना नेपाली टिमको मुख्य प्रशिक्षक बन्ने सम्भावना उच्च रहेको छ र ह्वाटमोर यसअघि मुख्य प्रशिक्षक भइसकेका व्यक्ति हुन् भने देशाई र धम्मिका प्रसाद भने नेपाली टिमसँग जोडिए पनि मुख्य प्रशिक्षक भने भएका थिएनन् । एक वर्षअघि नेपाली टिमको बलिङ प्रशिक्षकको रुपमा नियुक्त भएर धम्मिका प्रसादले काम गरेका थिए । गत वर्ष धम्मिका प्रसाद टी २० ग्लोबल क्वालीफायरका बेला नेपाली टिमसँग जोडिएका थिए ।

नेपालले अर्को महिना घरेलु मैदान टियुमा आईसीसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक ओडीआई सिरिज खेल्दै छ । क्यानले घरेलु मैदानमा हुने नेपाल, नामिबिया र स्कटल्याण्डबीच हुने त्रिकोणात्मक ओडीआई सिरिजको खेल तालिका सार्वजनिक गरिसकेको छ ।

# एस टी-२० क्रिकेट लिगको उपाधि पुल्चोक क्रिकेट क्लबलाई



**काठमाडौं/मस–** भक्तपुरको सल्लाघारीस्थित सैनिक महाविद्यालयको क्रिकेट मैदानमा आज सम्पन्न एस टी-२० क्रिकेट लिगको उपाधि पुल्चोक क्रिकेट क्लबले हात पारेको छ ।

एस स्पोर्ट्स एण्ड इभेन्ट्स प्रालिले पुस २७ गतेदेखि आयोजना गरेको लिगको आजको फाइनल खेलमा किंग्स क्रिकेट क्लबलाई हराउँदै नगद रु ४५ हजारसहितको उपाधि हात पारेको हो ।

खेलमा उपाधि हात पार्ने पुल्चोक क्रिकेट क्लब तथा दोस्रो हुने किंग्स क्रिकेट क्लबलाई सांसद एवं राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य सोविता गौतम र प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले मेडल तथा शिल्ड प्रदान गरे ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा खेलको म्यान अफ द म्याच सागर थापा घोषित भए भने नवीन यादव, सुवास खत्रीले उत्कृष्ट बलरको उपाधि हात पारे । उपत्यकाका विभिन्न क्लबका आठ टिम सहभागी प्रतियोगिता युवालाई क्रिकेट खेलप्रति रुची जगाउन र नेपालको नाम विश्वमा उच्चरूपमा राख्ने अभिप्रायले आयोजना गरेको आयोजक प्रमुख एवं १९ वर्षीय क्रिकेट खेलाडी सर्वोच्च बस्नेतले बताए ।

कोरोना महामारीपछि उपत्यकामा यस्ता प्रकारको खेल आयोजना हुन छाडेपछि खेल प्रेमीमा उत्साह ल्याउन प्रतियोगिता आयोजना गरिएको उनले बताए । एस स्पोर्ट्स चर्चित क्रिकेट खेलाडी र क्रिकेटप्रेमी मिलेर सञ्चालनमा आएको हो ।

केही महिनाअघि ललितपुरमा मुलुकमै पहिलोपल्ट इन्डोरको फुल कोर्टमा प्रतियोगिता गराएर चर्चा आएको एस स्पोर्ट्सले नयाँ युवालाई प्रतियोगितामा सहभागिता गराएर खेलमा आकर्षक बनाएको आयोजक संस्थाका निर्देशक सुनिलकुमार ठकुरीले बताए ।

**हलेसी तुवाचुङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुर्छिम, खोटाङ**
**प्रदेश नं. १, नेपाल**

**क्याटलग सपिङ्ग विधिबाट Cotton Ginning Machine खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०५**

यस कार्यालयको आ.व. २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको उपकरण सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम उपकरण उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ यस कार्यालयबाट स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन निःशुल्क प्राप्त गर्न सकिने छ ।
२ उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताले उक्त Cotton Ginning Machine बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, आ. व. २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त उपकरण सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
३ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७९ माघ १९ गते दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ, तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४:०० बजे खोलिनेछ ।
४ उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले उक्त प्रस्ताव पेश गर्न सकिने ब्यहोरा जानकारी गराइन्छ ।
५ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| उपकरणको विवरण | स्पेसिफिकेशन | संख्या | कैफियत |
|---|---|---|---|
| Cotton Ginning Machine | General: Gin Machine with Feeder Production: 65 to 105kgs/hr Motor: Min 5H.P Processing capacity (R/C) Min. 200 to 265 Kgs/hr Operating Speed: 950/1000RPM M/C Bolt center: 2350mm Gers: Planetary /Helical Bearings: 21Nos Rotation Of machine Pulley: Any Direction | १ (एक) थान | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification नगरपालिकाको website: halesituwachungmun.gov.np मा राखिएको बमोजिम हुनेछन् । |

**प्रमुख प्रशासकीय अधिकृत**

**कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७६/०९/१८ को निर्णयानुसार यस संबृद्धि इङ्गलिस बोर्डिङ्ग स्कूल मोरङ्ग प्रा.लि. कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **हिमालय इङ्गलिस स्कूल मोरङ्ग प्रा.लि.** (Himalaya English School Morang Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साबिक रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. १० मा स्थानान्तरण गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हिमालय इङ्गलिस स्कूल मोरङ्ग प्रा.लि.**
**(Himalaya English School Morang Pvt. Ltd.)**
**(प्रा.लि. नं.: १४५१०२/०७२/०७३)**
**मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. १०**

**देबचुली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (ब.सु.पु)**
**गण्डकी प्रदेश नेपाल**

**करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना**

**(सुचना प्रकाशन मिति २०७९/१०/५)**

देवचुली नगरपालिका कार्यालय र वडामा कार्य गर्नेगरी सहायक चौथो तथा पाचौ तहका केही कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले २०७८/०७९ मा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुले प्रकाशित गरेको विज्ञापनहरुमा अस्थायी तथा वैकल्पिक योग्यता क्रममा परेका उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (०७९ माघ १९ गते कार्यालय समय) भित्र निम्नानुसारको कागजात (निवेदन, प्रवेश पत्रको प्रतिलिपि र लोक सेवा आयोगको नतिजा प्रकाशन सूची) सहित पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । निवेदन दिने उम्मेदवारहरु मध्येबाट योग्यता क्रमानुसार र निवेदन दर्ता मितिका आधारमा प्राथमिकता दिई छनौट गरिनेछ । करार अवधि हाललाई २०८० असार मसान्त सम्म मात्र हुनेछ ।

**साउदीमा रोजगारको अवसर**

१. कम्पनी: COLOR RIYADH TRANSPORT CO. शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०७८/०४/१३ चलानी नं.: ६०१६०७५१ L.T. No.: 243235 पुनविज्ञापन

२. कम्पनी: SAUDI MANPOWER SOLUTION COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०१/१९ चलानी नं.: ६०१७८८०१ L.T. No.: 262594 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 1. | Labor | 18 | 0 | स. काममा दक्ष | 1000 | ३४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १२ गते (26 Jan. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ७७४/०६५/०६६

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com



# ‘परिणाम निकाल्ने गरी काम गर्नेछौं’

ओमेगा पावर माइण्ड्स प्रा.लि.का सञ्चालक डिक बहादुर खत्री (कुमार) माघ ६ गते हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा राजेन्द्र भण्डारी प्यानलका प्रथम उपाध्यक्षका उम्मेदवार हुन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका निवर्तमान महासचिव तथा वरिष्ठ उपाध्यक्ष भई कुशल नेतृत्व प्रदान गरेका खत्री वैदेशिक रोजगार व्यवसायीले व्यवसायीको भूमिका, योगदान र कम्पनीको सामाजिक उत्तरदायित्वलाई नयाँ तरिकाबाट परिभाषित गरी अगाडि बढ्नुपर्ने मान्यता राख्छन् । विगतमा बन्द रहेको मलेसियाको रोजगारी खुलाउने विषयमा मञ्चका तर्फबाट पहल गरेका उनले संघमा व्यवसायीले जिम्मेवारी दिए आफूले सुधारका काममा महत्वपूर्ण योगदान दिन सक्ने बताउँछन् । प्रस्तुत छ संघको निर्वाचनका सन्दर्भमा राजेन्द्र प्यानलका प्रथम उपाध्यक्षका उम्मेदवार **डिक बहादुर खत्री**सँग **मध्यान्ह दैनिक**ले गरेको कुराकानीको सम्पादित अंश :

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रथम उपाध्यक्ष जस्तो गहन जिम्मेवारी पदको उम्मेदवार हुनुहुन्छ । तपाईंका एजेण्डा के छन् ?**

नेपालको अर्थतन्त्रको प्रमुख आधार वैदेशिक रोजगारी पनि हो । यस क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष २३ अर्बभन्दा बढीको लगानी छ । ४३ लाखभन्दा बढी बेरोजगार युवा-युवतीहरुलाई वैदेशिक रोजगारमा व्यवस्थापन गर्ने चुनौतीपूर्ण काम हामी व्यवसायीहरुले गरिरहेका छौं । तर अन्य पक्षले गरेको बद्मासी जोडेर हामीलाई लाञ्छना लगाउने र वैदेशिक रोजगार व्यवसायीको इज्जतमा धावा बोल्ने काम भएको छ । समाजको कतिपय कोणबाट त्यसैको पीठ थपथपाएर युट्युबरको आक्रमणलाई अन्य तरिकाले स्यावासी दिने अहिलेको प्रवृत्ति घातक छ । यही घातक प्रवृत्ति चिरेर व्यवसायीको मर्यादा स्थापित गर्ने काम गर्न मेरो उम्मेदवारी हो । मेरो सोच र शैली अन्यको भन्दा फरक छ । नारा दिएर त्यसमा खेल्ने मेरो स्वभाव छैन, परिणाम निकाल्ने गरी काम गर्छौं ।

**चुनावका समयमा सुधारका अनगिन्ती प्रतिवद्धता आउने, तर निर्वाचित भएपछि परिणाम नआउने व्यवसायीको गुनासो छ । यसमा तपाईंको भनाइ के छ ?**

समस्याको समाधान र कामको परिणाम निकाल्न जुन निकायबाट त्यो काम सम्पन्न गरिनुपर्ने हो, सोही निकायलाई झकझकाउनु पर्छ । श्रम मन्त्रालयबाट हुने काम गराउन परराष्ट्र मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट हुने काम श्रमबाट हुन सक्दैन । म परिणाम निकाल्न गृहकार्यका साथ अघि बढ्ने छु । चुनावको बेला जनाउने भनेको नै प्रतिवद्धता हो । जितेपछि त्यसलाई कार्यान्वयनमा लैजाने हो ।

**वैदेशिक रोजगारमा सुधार गर्नुपर्ने यतिबेलाको मुल विषय के हो ?**

सरकारले लिएका गलत नीतिगत निर्णयका कारण व्यवसायमा असुरक्षा बढेको छ । वार्षिक १२ खर्बभन्दा बढी विप्रेषण भित्र्याउने, नेपालको कुल गार्हस्थ उत्पादन (जि.डी.पी.) मा तीस प्रतिशतभन्दा बढीको योगदान गरिरहेको र विदेशी मुद्रा सञ्चितिको प्रमुख माध्यम वैदेशिक रोजगार नै हो । तर सेवा शुल्कको विषय प्रमुख बाधकका रुपमा रहेको छ । यसले वैदेशिक रोजगारमा जाने कामदार, पठाउने व्यवसाय र सरकार कसैलाई फाइदा भएको छैन । सरकारले यसभित्रको गणित केलाउनु पर्छ र सोही अनुसारको निकास दिनुपर्छ । अर्को वैदेशिक रोजगार प्रशासनलाई अधिकतमरुपमा प्रविधि मैत्री बनाएर अनावश्यक लागत हटाउनुपर्छ । छिटो छरितो ढंगले काम गर्ने र इम्प्लोइमेन्ट कन्ट्र्याक्टका आधारमा अन्तिम श्रम स्वीकृति दिने प्रणाली हटाउनुपर्छ । श्रम स्वीकृति



■ **डिक बहादुर खत्री**
**प्रथम उपाध्यक्ष उम्मेदवार**
**(राजेन्द्र भण्डारी प्यानल)**

भनेको रोजगारदाता मुलुकले दिने हो । नेपाली कामदारहरुको आकर्षक गन्तव्य मानिएका कतिपय युरोपेली मुलुकहरुमा कुटनीतिक नियोग नहुनु, भएका नियोगहरुमा पर्याप्त जनशक्ति नहुनु जस्ता कारणले मागपत्र प्रमाणीकरणमा ढिलासुस्ती र अवरोध हुँदा कतिपय देशको रोजगारी अवसरबाट नेपालीले हात धुनु पर्ने अवस्था छ । यसमा नयाँ सरकारले गम्भीररुपमा सोच्नुपर्छ । प्रत्येक आर्थिक वर्षमा सय जना कामदार नपठाएको अवस्थामा उक्त व्यवस्थालाई अविलम्ब खारेज गरिनु पर्दछ ।

**व्यवसायीले राज्यका लागि योगदान गर्दा पनि सामाजिक सम्मानमा कन्जुस्याइँ भएको गुनासो गरिरहनु भएको छ । यसलपटक यसमा केही छलफल गर्नुहुन्छ ?**

अन्य उम्मेदवार साथीहरुले के गर्नु भएको छ थाहा छैन । तर म व्यवसायीको कर्पोरेट उत्तरदायित्व (सीआरएस)को जिम्मेवारी पूरा गरेर जानुपर्छ भन्ने मान्यतामा छु । विगतमा कोरोना महामारीमा नागरिकहरुलाई गाउँ फर्काउनेदेखि बाढी पहिरो तथा अन्य विपत्तिका समयमा हामीले काम गरेका छौं । वैदेशिक रोजगारीका क्रममा बिना गल्ती समस्यामा परेका कामदार, अविभावक गुमाएका बालबालिकाको शिक्षा दिक्षामा ध्यान दिनुपर्छ । हामीले पठाएका कामदार समस्यामा पर्दा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आईओएम) जस्ता संस्थाको मुख नताकी हामीले पठाएका श्रमिकको आवाज हामीले नै सुन्नुपर्छ ।

**अन्त्यमा मतदाता व्यवसायीमा केही भन्नु छ ?**

हामी करिब ४ वर्षपछि आफ्नो मतले संघको नेतृत्व चयन गर्ने ऐतिहासिक क्षणमा छौं । मतदातालाई छनोटको अधिकार छ । आ-आफ्नो आस्थाको संरक्षण होस् भन्ने व्यवसायीको चाहना स्वभाविक हो । तर व्यवसायको सुरक्षा त्योभन्दा माथि छ । हामी थप बर्बादी र अपमानित हुने दिशामा जाने कि भएका कमीकमजोरी सच्चाएर अघि बढ्ने छनोटको ऐतिहासिक अवस्थामा पनि छौं । करोडौं लगानी गरेर व्यवसाय सञ्चालन गरिरहनु भएका व्यवसायीले जिम्मेवार भई मतदान गर्नुहुनेछ भन्ने विश्वास छ । एक पटक विश्वास गरेर आफ्नो मत दिनुहोस् तपाईंहरुले दिएको विश्वास डगमगाउन र खेर जान दिने छैन । हामी संघमा सुधारको हुटहुटी बोकेका युवापुस्तासहित आएका छौं । सबैतिर लथालिङ्ग अवस्था देखिँदा निराशा छ । तर यसलाई सम्हाल्नुको विकल्प हामीसँग छैन । पुरै प्यानललाई मतदान गरेर विजयी गराउन हृदयदेखि आह्वान गर्दछु ।



# ‘व्यवसायीको सुरक्षा प्रमुख एजेण्डा’

**मिलन कट्टेल**
*महासचिवका उम्मेदवार (राजेन्द्र भण्डारी प्यानल)*

एशिया लिंक सर्भिसेज प्रा.लि.का सञ्चालक मिलन कट्टेल प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका राजेन्द्र भण्डारी नेतृत्वको संयुक्त व्यावसायिक समूहबाट महासचिवका उम्मेदवार रहेका छन् । युवा उमेरमा विभिन्न जिम्मेवारी पूरा गरेका व्यवसायी कट्टेल हक्की स्वभावका मानिन्छन् । नेकपा एमालेको श्रम तथा रोजगार विभागको उपप्रमुख पदको जिम्मेवारी समेत सम्हालेका व्यवसायी क`ल झापा सुरुङ्गाका हुन् । कट्टेलले आफूलाई वैदेशिक रोजगारसम्बन्धी तलदेखि माथि सबै प्रक्रिया बुझेका “भुईंमान्छे” बताउँछन् । प्रस्तुत छ संघको निर्वाचनका सन्दर्भमा महासचिवका उम्मेदवार **मिलन कट्टेल**सँग **मध्यान्ह दैनिक**ले गरेको कुराकानीको सम्पादित अंश :

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा महासचिव जस्तो गहन जिम्मेवारी पदको उम्मेदवार हुनुहुन्छ । तपाईंहरुका एजेण्डा के-के छन् ?**

हामी प्यानलका आधारमा वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि एजेण्डासहित आएका छौं । त्यसका लागि संघलाई व्यवस्थितरुपमा सञ्चालन गर्नुपर्छ भन्ने हाम्रो सामूहिक मान्यता छ । महासचिवलाई संघको प्रशासनिक नेतृत्व सम्हाल्ने जिम्मेवारी हुन्छ । त्यो दायित्व जिम्मेवारीका साथ उपलब्धिपूर्ण प्रतिफल आउने गरी निर्वाह गर्नुपर्छ । म संघ सचिवालयलाई आधुनिक बनाउने योजनासहित आएको छु ।

**चुनावका समयमा सुधारका अनगिन्ती प्रतिवद्धता आउने, तर निर्वाचित भएपछि परिणाम नआउने व्यवसायीको गुनासो छ । यसमा तपाईंको भनाइ के छ ?**

योजना र प्रतिवद्धता नै नहुने व्यक्ति योग्य उम्मेदवार हुनै सक्दैन ।

**व्यवसायीसँग के-के एजेण्डामा मत मागिरहनु भएको छ ?**

हामी प्यानल र प्रतिवद्धतासहित आएका छौं । स्वदेशमा रोजगारीको व्यवस्था नभएका कारण श्रम बजारमा आउने युवायुवतीलाई वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता छ । नेपालको अर्थतन्त्रलाई धानिरहेको वैदेशिक रोजगारीबाट वार्षिक ९ अर्ब रुपैयाँ रेमिट्यान्सका रुपमा भित्रिरहेको छ । तर त्यो रकम भित्र्याउन भूमिका खेल्ने वैदेशिक रोजगार व्यवसायलाई हेर्ने र बुझ्ने सरकारी दृष्टिकोण सकारात्मक छैन । बेरोजगारी समस्या समाधान गर्न र राष्ट्रको अर्थतन्त्र धानेको व्यवसाय अपरिहार्य हुने, तर व्यवसायीलाई राज्यले उचित सम्मान गर्न कन्जुस्याइँ गरेको अनुभूति हामीले गरेका छौं । नागरिक समाजदेखि सबै पक्षलाई वैदेशिक रोजगार व्यवसायले देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानका बारेमा राष्ट्रियस्तरमा बहस गरी यस क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने हाम्रो माग छ । भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका जस्ता देशले वैदेशिक रोजगारमा पठाउँदा उनीहरु पाउने एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था छ । नेपालमा पनि व्यवसायीले एक महिनाको तलब बराबर लिन पाउनुपर्ने कुरा हामीले सरकारसँग बारम्बार उठाइरहेका छौं । संघमा जितिसकेपछि हामी यसलाई कार्यान्वयन गराउने तहमा पुऱ्याउने छौं ।



**वैदेशिक रोजगार क्षेत्रमा तत्काल समाधान हुनुपर्ने मुख्य विषय के-के हुन् ?**

वैदेशिक रोजगार ऐनमा व्यापक सुधार गर्नुपर्नेछ । स्वास्थ्य परीक्षणका समस्या पनि उत्तिकै छन् । वैदेशिक रोजगार ऐन २०६४ गैरसरकारी संस्थाको दबाब र प्रभावमा बनेको छ । त्यसलाई परिवर्तन गरेर कामदार र व्यवसायीमैत्री बनाउनुपर्छ । फहचुवा र केही व्यक्तिको निहित स्वार्थमा फ्रि भिसा फ्रि टिकटको निर्णय आयो । हामी शुरुवातबाट नै त्यसको विपक्षमा छौं । कम्तीमा वैदेशिक रोजगारमा रहेका कामदारले पाउने एक महिनाको तलब बराबर सेवा शुल्क व्यवसायीले पाउनुपर्ने व्यवस्था गर्न जरुरी छ । अहिलेको वैदेशिक रोजगार क्षेत्रको प्रमुख बाधक नै सेवा शुल्क हो । कतिपय अनधिकृत युट्युबरहरुले त्यही अव्यवहारिक निर्णय देखाएर व्यवसायीका कार्यालयमा प्रवेश गर्ने, गाली गलौज गर्ने गरेका छन् । हाम्रो प्यानलले संघमा जितेको खण्डमा विदेशमा कामदारले कुनै समस्या भोग्नुपरेमा तत्काल उनीहरुका गुनासा सुनेर वैदेशिक रोजगार विभागमा जानै नपर्ने व्यवस्था गर्छौं, त्यसबाट अनधिकृत युट्युबरको ज्यादती पनि रोकिने छ । यसबाहेक व्यवसायी भलाइ कोषको कार्यान्वयन, मागपत्र प्रमाणीकरण गर्न विदेशस्थित नेपाली दूतावासहरुमा व्यवसायीले भोग्नुपरेको झन्झट र हैरानी पनि गम्भीर विषयका रुपमा रहेका छन् । युरोपेली देशमा दूतावास नहुँदा मागपत्र प्रमाणीकरणमा समस्या छ । त्यहाँबाट चेम्बर वा विदेश मन्त्रालयले मागपत्र प्रमाणित गर्ने व्यवस्था गर्न ठोस् कार्यक्रम सञ्चालन गर्नेछौं । हाम्रो संविधानले व्यक्तिगत स्वतन्त्रता ग्यारेन्टी गरेको छ । तर वैदेशिक रोजगार ऐनमा वार्षिक एक सय जना कामदार नपठाए म्यानपावर कम्पनी खारेज हुने व्यवस्था छ । कुनै व्यवसायी आफैं वा परिवारको सदस्य गम्भीर बिरामी भएर वर्षैंभर काम गर्न पाएन भने उस्को लाइसेन्स खारेजी हुने ? त्यो व्यवस्था पनि हटाउन तत्काल लविङ शुरु गर्नेछौं । अर्कोतिर धरौटी फिर्ता गर्न कम्तीमा २ वर्ष कुर्नुपर्ने व्यवस्था पनि हटाउनुपर्छ । कतिपय अवस्थामा कामदारको पनि समस्या छ, हामी बैंकहरुले बनाउने जस्तै बद्मासी गर्ने कामदारको पनि कालोसूची बनाउने पक्षमा छौं ।

**विदेशमा अलपत्र परेका युवायुवतीलाई स्वदेश फर्काउन जिम्मेवारी लिएर समयमै पहल नगरेका कारण युट्युबरहरुले मौका पाएको भनाइ आइरहेका छन् नि ?**

समस्यामा रहेका कामदार फर्काउन कतिपय देशको कानून झन्झटिलो छ । त्यसका बाबजुद म्यानपावर व्यवसायीले लाखौं खर्च गरेर आफूले पठाएका कामदार स्वदेश ल्याउनु भएको छ । कथित अभियन्ताका नाममा म्यानपावर व्यवसायीहरु पीडित र असुरक्षित भएका छन् । वैदेशिक रोजगारमा जाने युवायुवतीको कतिपय अवस्थामा मुड स्वीङ भई होमसिक लगायतका विभिन्न कारणले फर्किन्छन् । तर सम्झौता अनुसारको रोजगारी नपाएको भन्दै अभियन्ताका नाममा व्यवसायीमाथि ज्यादति हुने गरेको छ । कथित अभियन्ताका नाममा म्यानपावरमाथि भइरहेको ज्यादतीको अन्त्य गर्ने हाम्रो मुख्य एजेण्डा हो । देशको अर्थतन्त्र धान्दै आएका व्यवसायीमाथि अभियन्ताका नाममा आक्रमण जारी रहेमा अर्थतन्त्र धरमराउने छ, यसमा सरकारको ध्यान जान जरुरी छ । अभियन्ताका नाममा अराजकता प्रदर्शन गर्ने कार्य बन्द नगरेमा एक वर्षअघि माघमा सामाखुसीमा म्यानपावर व्यवसायीमाथि अभद्र व्यवहार गर्ने युट्युबरहरुको जस्तै हालतमा पुऱ्याउन व्यवसायी बाध्य हुनेछन् ।

**वैदेशिक रोजगार क्षेत्रमा समाधान हुन नसकेका अन्य समस्या के-के छन् ?**

वैदेशिक रोजगारमा महिला कामदारको विषयमा नेपाल सरकार अलमलमा देखिन्छ । राजेन्द्र भण्डारी नेतृत्वको समूहले घरेलु कामदार पठाउने एजेण्डा कार्यान्वयन गर्न सरकारसँग तत्कालै पहल गर्ने योजना बनाएको छ । असुरक्षितरुपमा ठूलो संख्यामा घरेलु कामदार विदेशमा रोजगारीका लागि गएको अवस्था छ । संघमा नेतृत्व लिनसाथ वैधानिक र सुरक्षाको ग्यारेन्टी गरी घरेलु कामदार पठाउने व्यवस्थाका लागि पनि दबाब सिर्जना गर्नेछौं ।

**महासचिव पदमा अन्य तीन जना व्यवसायीहरु पनि उम्मेदवार हुनुहुन्छ ? तपाईं आफूँलाई उहाँहरु भन्दा के कारणले योग्य ठान्नु हुन्छ ?**

म आफू योग्य र अरु अयोग्य भन्ने पक्षमा छैन । अनुभव, व्यक्ति चाहना, योग्यता र प्राथमिकता व्यक्ति अनुसार फरकफरक हुन्छ । व्यवसायीलाई समस्या परेमा मध्यराति १२ बजे पनि उठेर हिंड्ने मेरो स्वभाव छ । विगतमा सामाखुसी घटनाका बेला पनि व्यवसायीले मलाई नजिकैबाट चिन्न पाउनु भएको छ । म व्यवसाय र जीवनको सुरक्षा हुनुपर्छ र नेतृत्वको काम भनेको त्यसको जिम्मेवारी लिने हो भन्ने पक्षको मान्छे हुँ । व्यवसायीलाई छनोटको अवसर छ । विश्वास छ उहाँहरुले अयोग्य छान्नु हुने छैन ।

**अन्त्यमा मतदाता व्यवसायीमा केही भन्नु छ ?**

हामी करिब ४ वर्षपछि आफ्नो मतले संघको नेतृत्व चयन गर्ने ऐतिहासिक क्षणमा छौं । हामी संघमा सुधारको हुटहुटी बोकेका युवापुस्तासहित आएका छौं । सबैतिर लथालिङ्ग अवस्था देखिँदा निराशा छ । तर यसलाई सम्हाल्नुको विकल्प हामीसँग छैन । सेवा शुल्क परिमार्जन लगायत दीर्घकालीन समस्याको समाधान खोज्न अनवरत प्रयास गर्नेछौं । पुरै प्यानललाई मतदान गरेर विजयी गराउन अन्तरहृदयदेखि आह्वान गर्दछु ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**